जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १७२ • २०७९ साल मंसिर १ गते बिहीबार (17 November, Thursday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# यादव र ठाकुरको भविष्य जेपी र कापडको हातमा

**टुडे समाचारदाता**

जनकपुरधाम। मंसिर ४ गते हुने निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरको भविष्य अर्का उम्मेदवारहरुको हातमा परेको छ।

सप्तरी निर्वाचन क्षेत्र नम्वर २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार उपेन्द्र यादवको भविष्य पाँच दलीय गठबन्धनका उम्मेदवार जयप्रकाश (जेपी) ठाकुरको हातमा पुगेको छ भने महोत्तरी निर्वाचन क्षेत्र नम्वर ३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार लोसपाका अध्यक्ष महन्थ ठाकुरको भविष्य स्वतन्त्र उम्मेदवार रामआधार कापडको हातमा पुगेको छ।

सप्तरी निर्वाचन क्षेत्र नम्वर २ मा र महोत्तरी निर्वाचन क्षेत्र नम्वर ३ बाट मधेशका मुद्दा लिएर राजनीति गरिरहेका तीनवटा पार्टीका अध्यक्षहरु चुनावी प्रतिस्पर्धामा छन्।

सप्तरी २ मा जसपाका अध्यक्ष यादव र जनतमत पार्टीका अध्यक्ष सीके राउत चुनावी मैदानमा छन् भने भने महोत्तरी ३ बाट लोसपाका अध्यक्ष ठाकुर चुनावी मैदानमा छन्।

हुनत सप्तरी २ मा त्रिपक्षीय प्रतिस्पर्धा देखिए पनि उपेन्द्र यादव संग सिधा प्रतिस्पर्धामा भने जनमत पार्टीका अध्यक्ष राउत रहेका छन् भने पाँच दलीय गठबन्धनका नेता जेपी ठाकुर पनि प्रतिस्पर्धाबाट बाहिर हुन सकेका छैनन्। त्यो क्षेत्रमा अहिले सम्म उपेन्द्र र राउतबीच प्रतिस्पर्धा छन् तर, जेपी ठाकुरको मतले दुबैको भविष्य निर्धारण हुने देखिएको छ।

जेपीले ५ हजार भन्दा बढी मत ल्याउन सके भने यादव चुनावमा नोक्सानी बेहोर्ने देखिन्छ र राउतले बाजीमार्ने सम्भावना बढी हुनेछ। यदि जेपीले ५ हजार भन्दा कम मतमा रह्यो भने राउतलाई यादवले पराजित गर्ने स्थानीयबासीहरुको आकलन छ। तर, जेपी पनि बलिया उम्मेदवार रहेका छन्। उनीपनि जित निकाल्न सक्ने छ तर, दुई दुई पार्टीका अध्यक्ष एक्कै क्षेत्रबाट चुनाव लडेपछि मतदाताहरु अन्योलमा परेका छन्।

**उपेन्द्र र सीके पार्टीका अध्यक्ष छन् भने जेपीको व्यक्तिगत र राजनीतिक छवि दुबै उम्मेदवार भन्दा कम नदेखिएका कारण उनी पनि अहिले सम्म प्रतिस्पर्धामै रहेको बताइन्छ। तर, अन्त्यमा जेपीलाई मतदाताहरुले छाडेर यी दुबै उम्मेदवारमध्ये एक जनालाई मतदाताहरुले रोज्ने स्थानीयहरुको भनाइ छ।**

उपेन्द्र र सीके पार्टीका अध्यक्ष छन् भने जेपीको व्यक्तिगत र राजनीतिक छवि दुबै उम्मेदवार भन्दा कम नदेखिएका कारण उनी पनि अहिले सम्म प्रतिस्पर्धामै रहेको बताइन्छ। तर, अन्त्यमा जेपीलाई मतदाताहरुले छाडेर यी दुबै उम्मेदवारमध्ये एक जनालाई मतदाताहरुले रोज्ने स्थानीयहरुको भनाइ छ।

त्यस्तै, अवस्था महोत्तरी निर्वाचन क्षेत्र नम्वर ३ को पनि छ। त्यहा स्वतन्त्र उम्मेदवार राम आधार कापड निर्णायक बन्ने देखिन्छ। लोसपा अध्यक्ष ठाकुर विरुद्ध चुनावी मैदानमा आएका जसपाका नेता हरिनारायण यादव पनि कापडकै मतमा विश्वास गरेको देखिन्छ। त्यो क्षेत्रमा राम आधारको मतले ठाकुरको जित र हारको निर्णय हुने देखिन्छ। तर, राम आधारप्रति हरिनारायण भन्दा बढी सहानुभूति देखिएको छ। विगतका निर्वाचनहरुमा कापड सामान्य मतले पराजित भएको र यस पटक उनको चुनावी माहोल राम्रो भएको बताइन्छ।

त्यो क्षेत्रमा बिग्रेको मतलाई ठाकुरले ठिक पारेको र उनी निकटकै मतदाताहरु उनलाई मत नदिने अडानमा बुधवार वेलुका सम्म थियो। तर, सबैथोक ठिकठाक भइ सकेको ठाकुर निकट स्रोतको दाबी छ। त्यहाँ पनि रामआधारले ५ हजार भन्दा बढी मत ल्याउन सके मात्रै ठाकुरको जित्ने वातावरण बन्ने देखिएको छ। ठाकुर भन्दा बढी त्यस क्षेत्रमा प्रदेश ३ को (क) र (ख)का उम्मेदवार अभिराम शर्मा र रानी शर्माप्रति मतदाताहरुमा बढी आक्रोश देखिएको छ।

अभिराम र रानी दुबै मधेश प्रदेश सरकारका राज्यमन्त्री हुँदा आफूखुशी योजना बाँडफाँट गरेको र ठाकुर निकटका मतदाताहरुलाई बाइपास गरेको आरोप लगाइएको छ। यही कारणले गत स्थानीय तहको निर्वाचनमा जलेश्वर नगरपालिकाका मेयरमा जसपाका सुरेश साह विजयी भएका थिए। स्रोतका अनुसार ठाकुर निकट मतदाताहरुलेनै सुरेशलाई मतदान गरेपछि उनी विजयी भएका थिए।

# १५ हजार थान नमूना मतपत्रसहित भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। सशस्त्र प्रहरीले एक भारतीय नागरिकलाई प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनसम्बन्धी १५ हजार थान नमूना मतपत्रसहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत बिहार पश्चिम चम्पारण जिल्ला नरकटियागञ्ज ग्राम पन्चायत वडा नं १४ घर भएका ४० वर्षीय इजाजत अहमद छन्।



सशस्त्र प्रहरीको भिखमपुर बीओपीबाट खटिएको सशस्त्र प्रहरी सहायक निरीक्षक प्रेमबहादुर थापा मगरको कमाण्डको टोलीले नियमित जाँच गर्ने क्रममा जगरनाथपुर गाउँपालिका-२ दशौतास्थित सडक खण्डबाट मंगलबार दिउँसो ३ बजेतिर अहमदलाई पक्राउ गरेको छ। भारतबाट बिआर २२ डब्लु ८००२ भारतीय नम्बरको मोटरसाइकल चढी नेपालतर्फ आउँदै गरेका अहमदले मोटरसाइकलमा पछाडिको सिटको भागमा हरियो रंगको बोरा शंकास्पद कागजपत्रहरु बोकी ल्याउँदै गरेका थिए। उक्त मोटरसाइकल रोकी इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरी अधिकृत सहितको टोलीले जाँच गर्दा बोरामा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनसन्बन्धी १५ हजार थान नमूना मतपत्रहरु फेला पारेका थिए। मतपत्र र मोटरसाइकल बरामद गरी अहमदलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी दीपक गिरीले जानकारी दिए।

डिएसपी गिरीका अनुसार, पक्राउ परेका अहमदले नेपालमा उम्मेदवार रहेका एक व्यक्तिले भारतमा छपाएर निर्वाचनमा मतदातालाई आफ्नो चुनाव चिह्नमा मतदान गर्न सचेतनाका लागि उक्त नमूना मतपत्र छपाएको बताएका छन्। अहमदले ती उम्मेदवारको नाम भने नखुलाएको र यसबारे थप अनुसन्धान भइरहेको उनले बताए। 'निर्वाचन आयोगले जारी गरेको तथा मतदान अधिकृतको आधिकारिक हस्ताक्षर भएको मतपत्रमात्र आधिकारिक हुने भएकाले यस्ता मतपत्रको आधिकारिकता हुँदैन,' उनले भने, 'हामी यसबारे थप अनुसन्धान गरिरहेका छौं।' यसैबीच प्रहरीले पक्राउ गरेका अहमदलाई रिहा गरेको बुझिएको छ।

### मियाँविरुद्ध आयोगमा उजुरी

पर्साको निर्वाचन क्षेत्र नम्बर ४ मा एमालेका उम्मेदवार जालिम मियाँ मन्सुरीविरुद्ध निर्वाचन आयोगमा उजुरी दर्ता भएको छ। चुनावी सभामा क्षेत्रका अल्पसंख्यक समुदायलाई गालीगलौज गरेको भिडियो क्लिपसहित कांग्रेसका उम्मेदवार रमेश रिजालले बुधबार आयोगमा इमेलमार्फत उजुरी दर्ता गरेका हुन्।

सामाजिक सद्भाव भड्काउने गरी दिएको अभिव्यक्तिको भिडियो क्लिपसहित आयोगमा लिखित उजुरी दिएको उनले बताए।

बुधबार सामाजिक सञ्जालमा भाइरल भएको भिडियोमा एमाले र जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार मन्सुरीले चुनावीसभामा एउटा समुदायलाई अपशब्द प्रयोग गरेको देखिन्छ। मंसिर ४ मा हुने निर्वाचनलाई प्रभावित हुने गरी दुईवटा समुदायबीच सद्भाव बिगार्ने अभिव्यक्ति दिएकाले प्रमाणसहित आयोगमा उजुरी दिएको रिजालले बताए। आइतबार धोबिनी गाउँपालिका-५ जगरनाथपुर टोलमा आयोजना भएको रात्री चुनावी सभामा मियाँले सामाजिक सद्भाव भड्काउने अभिव्यक्ति दिएका हुन्।

'उक्त भिडियोमा जालिमले कुतर्क गरी हाका हाकी गाली गरेका छन्,' रिजाल भन्छन्, 'निर्वाचन आयोगको आचारसंहिता विपरीत गई कानूनको बर्खिलाप गर्नेलाई कारबाहीको माग गरेका छौं।' निर्वाचन आचारसंहिता २०७९ को दफा १३ को १(ब) मा कुनै साम्प्रदायिक विद्धेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने व्यवस्था गरेको छ।

# रेल सेवा चार दिन बन्द

**टुडे समाचारदात**

जनकपुरधाम। जयनगर-कुर्था रेल्वे मार्गमा बिहीबारदेखि चार दिन रेल सेवा बन्द हुने भएको छ।

मंसिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई दृष्टिगत गरी मंसिर १ गते बिहीबारदेखि मंसिर ४ गते आइतबारसम्म रेल सेवा बन्द रहने नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ।

निर्वाचनलाई लक्षित गरी ७२ घण्टा अघिदेखि भारतीय सिमानाका बन्द हुने भएकाले रेल सेवासमेत बन्द गरिएको नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक निरञ्जनकुमार झाले जानकारी दिए।

मंसिर ५ गते सोमबारदेखि रेल सेवा नियमित रूपमा सञ्चालन हुने उनले बताए। जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ साल चैत २० गतेदेखि नियमित रेल सेवा सञ्चालन भइरहेको छ।










# पर्सामा आधाभन्दा बढी स्वतन्त्र उम्मेदवार

पर्सा । पर्सा जिल्लामा आसन्न निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिनेहरूको सङ्ख्या बढेको छ । निर्वाचन कार्यालयका अनुसार पर्सा जिल्लामा मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि एक सय ६१ जनाले उम्मेदवारी दर्ता गराएका छन् । आर्थिक राजधानी मानिने पर्सामा रहेका प्रतिनिधिसभाका चार पदका लागि ५३ जना र प्रदेशसभाका आठ पदका लागि एक सय आठ जना गरी कूल एक सय ६१ जनाले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन कार्यालय प्रमुख प्रमुख रञ्जिता झाले अनुसार प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवारी दिएका उम्मेदवारमध्ये ५२ दशमलव १७ प्रतिशत स्वतन्त्र उम्मेदवार रहेको जानकारी दिनुभयो ।




निर्वाचन नजिकिएसँगै पर्सामा राजनीतिक दल तथा स्वतन्त्रहरूले चुनावी प्रसारप्रसारलाई तीव्र पारेका छन् । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारहरूले मतदातालाई आ-आफनो पक्षमा मतदान गर्न अनुरोध गर्दै घरदैलो तथा सभालाई तीव्रता दिएका हुन् । पर्सामा निर्वाचनका लागि नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी माक्सवादी (पुष्पलाल), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदूर किसान पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल जनता पार्टी, नेपाल सुशासन पार्टीलगातका दलसहित स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

पर्सामा प्रतिनिधिसभा अन्तर्गत क्षेत्र नम्बर ४ मा सबैभन्दा बढी र क्षेत्र नम्बर १ मा सबैभन्दा कम मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय प्रमुख रञ्जिता झाले जानकारी दिनुभयो । कार्यालयका अनुसार निर्वाचन क्षेत्र नं १ मा ४४ हजार ९९ जना पुरुष र ३३ हजार पाँच सय ७८ जना महिला तथा दुई जना अन्य गरी कूल ७७ हजार ६ सय ७९ जना मतदात छन् भने क्षेत्र नं २ मा ४९ हजार ७५ जना पुरुष, ३७ हजार आठ सय ८७ जना महिला र चार जना अन्य गरी ८६ हजार नौ सय ६६ जना मतदाता छन् । क्षेत्र नं ३ मा ५१ हजार तीन सय ६६ जना पुरुष, ३९ हजार ६२ हजान महिला र चार जना अन्य गरी कूल ९० हजार चार सय ३२ जना मतदाता रहेका छन् भने क्षेत्र नं ४ मा ५० हजार तीन सय ६४ जना पुरुष, ४० हजार चार सय ८१ जना महिला र चार जना अन्य गरी ९० हजार आठ सय ५१ जना मतदाता छन् । पर्साको ४ प्रतिनिधि तथा ८ प्रदेश सभाका लागि कूल एक सय ६७ मतदानस्थल र चार सय १२ वटा मतदान केन्द्र निर्धारण गरिएको छ ।

पर्साको निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा १ मा ३९ हजार १६ जना मतदाता छन् । यस क्षेत्रमा २२ मतदानस्थल र ४५ मतदान केन्द्र तोकिएको छ । त्यसैगरी प्रदेशसभा २ मा ३८ हजार ६ सय ६३ मतदाता छन् भने १२ मतदानस्थल र २४ मतदान केन्द्र छन् । निर्वाचन क्षेत्र नम्बर २ को प्रदेशसभा २ मा ४३ हजार आठ सय ४४ मतदाता छन् भने यस क्षेत्रमा १६ मतदातस्थल र ५१ मतदान केन्द्र छन् । साथै, प्रदेशसभा २ मा ४३ हजार एक सय २२ मतदाताका साथै २२ मतदानस्थल र ५१ मतदान केन्द्र छन् ।

निर्वाचन क्षेत्र नम्बर ३ प्रदेशसभा १ मा ४४ हजार तीन सय ९३ मतदाता छन् भने यस क्षेत्रमा २५ मतदानस्थल र ५८ मतदान केन्द्र छन् । यस क्षेत्र अन्तर्गत प्रदेशसभा २ मा ४६ हजार ३९ मतदाता छन् भने २५ मतदानस्थल र पाँच मतदान केन्द्र छन् । निर्वाचन क्षेत्र नम्बर ४ प्रदेशसभा १ मा ४४ हजार एक सय ७७ मतदाता छन् । यस क्षेत्रमा २५ मतदातनस्थल र ५५ मतदान केन्द्र तोकिएको छ । साथै प्रदेशसभा २ मा ४६ हजार ६ सय ७४ मतदाता छन् भने यस क्षेत्रमा २३ मतदानस्थल र ५७ मतदान केन्द्र छन् । पर्साको निर्वाचन क्षेत्र नं १ का सबै भन्दा बढी २१ जनाले उम्मेदवारी दर्ता गराएका छ भने सबै भन्दा कम क्षेत्र नं ४ मा मात्र १० जनाले उम्मेदवारी दर्ता गराएका छन् । साथै, क्षेत्र नं २ र ३ मा ११/११ जना गरी कूल ५३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जसमध्ये राजनीतिक दलबाट ३० जना र स्वतन्त्र २३ जना छन् ।

क्षेत्र नम्बर १ को प्रदेशसभा १ मा १८ जना र प्रदेशसभा २ मा २० जनाले उम्मेदवारी दर्ता गराएका छन् । साथै, क्षेत्र नम्बर २ को प्रदेशसभा १ मा ९ जना र प्रदेशसभा २ मा १४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर ३ प्रदेशसभा १ मा १२ जना र प्रदेशसभा २ मा १४ जना र क्षेत्र नम्बर ४ प्रदेशसभा १ मा १० जना र प्रदेशसभा २ मा ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभामा ६१ जना स्वतन्त्र उम्मेदवार छन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा एमाले गठबन्धनबाट जसपाका उम्मेदवार प्रदीप यादव र स्वतन्त्र उम्मेदवार अजयकुमार द्विवेदीबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ । नेपाली कांग्रेस पर्साका निर्वतमान जिल्ला सभापति द्विवेदीलाई पार्टीले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिनुभएको छ। कांग्रेससहितको पाँच दलको गठबन्धनबाट क्षेत्र नम्बर १ मा लोसपा नेता लक्ष्मणलाल कर्ण उम्मेदवार हुनुहुन्छ । २०७४ को निर्वाचनमा यादवले कांग्रेसका अनिल रुङ्गटालाई चार हजारभन्दा बढी मतान्तरले पराजित गर्नुभएको थियो । यादवले २१ हजार एक सय ३२ मत पाउँदा निकटतम प्रतिद्वन्द्वी रुङ्गटाले १६ हजार चार सय ८१ मत प्राप्त गर्नुभएको थियो । क्षेत्र नम्बर २ मा कांग्रेससहित पाँच दलीय गठबन्धनका तर्फबाट कांग्रेसका केन्द्रीय सदस्य अजयकुमार चौरसिया र एमाले गठबन्धनबाट जसपाका सुरेन्द्रप्रसाद कुर्मीबीच प्रतिस्पर्धा हुने आँकलन गरिएको छ ।

गत निर्वाचनमा क्षेत्र नं २ बाट सफोरहका उम्मेदवार बिमल श्रीवास्तावले चौरसियालाई एक हजार चार सय ६५ मतले पराजित गर्नुभएको थियो । श्रीवास्तावले २१ हजार एक सय ६९ मत पाउँदा चौरसियाले १९ हजार सात सय चार मत प्राप्त गर्नुभएको थियो । गत निर्वाचनमा क्षेत्र नं ३ बाट ससफोरमका हरिनारायण रौनियारले कांग्रेसका सुरेन्द्र चौधरीलाई पराजित गर्नुभएको थियो । रौनियारले १५ हजार एक सय ६८ मत पाउँदा चौधरीले १३ हजार आठ सय एक मत प्राप्त गर्नुभएको थियो ।

गत निर्वाचनमा क्षेत्र नं ४ बाट ससफोरमका लक्ष्मणलाल कर्णले कांग्रेसका रमेश रिजाललाई ६ हजारभन्दा बढी मतले पराजित गर्नुभएको थियो । कर्णले २० हजार सात सय ३८ मत पाउँदा रिजालले १४ हजार सात सय दुई मत प्राप्त गर्नुभएको थियो। कर्ण यसपटक पाँच दलीय गठबन्धबाट पर्साको निर्वाचन क्षेत्र नं १ बाट लोकतान्त्रिक समाजवादी पार्टी नेपालका तर्फबाट उम्मेदवार हुनुहुन्छ । प्रतिनिधिसभा र प्रदेशसभाका १२ पदमा महिला उम्मेदवार जम्मा तीन जना हुनुहुन्छ । जसमा प्रतिनिधिसभा सदस्य उम्मेदवारमा महिलाको सङ्ख्या शुन्य छ भने प्रदेशसभामा तीन जनाले उम्मेदवारी दिनुभएको छ। जनसमा क्षेत्र नम्बर २ को प्रदेशसभा २ मा करिमा वेगमले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । साथै, क्षेत्र नम्बर ३ प्रदेशसभा २ बाट जसपाकी मधु गुप्ता रक्षेत्र नम्बर ४ प्रदेशसभा २ बाट माओवादी केन्द्रकी चाँद तारा कुमारीले उम्मेदवारी दर्ता गर्नुभएको छ ।रासस

# मत हाल्न वृद्धाश्रमका आमाबुवा उत्सुक, सबैको हातमा छैन कागजात



काठमाण्डु । निर्वाचनको दिन नजिकिएसँगै वृद्धाश्रमका ज्येष्ठ नागरिकमा उत्सुकता छन् । आफन्त कोही नभएका, परिवारबाट अपहेलित भएका, आफ्नोनाममासम्पत्तिनभएकाकेही ज्येष्ठ नागरिकले काठमाडौँस्थित पशुपति वृद्धाश्रमलाई आश्रयस्थल बनाएका छन् ।

उक्त आश्रममा ६० वर्षदेखि ९० वर्ष नाघेका असहाय तथा निस्सहाय ज्येष्ठ नागरिकले केही हदसम्म भए पनि जीवन सहजमय ढङ्गले बिताइरहका छन् । मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन आउन अब केही दिनमात्र बाँकी छ । यस वर्षदेखि जेलमा रहेका कैदी र वृद्धा आश्रममा रहेका वृद्धावृद्धले पनि आफू बसेकै स्थानमा मतदान गर्ने अस्थायी मतदाताको व्यवस्था गरिएको छ ।

सरकारले निर्वाचनमा खटिएका सरकारी कर्मचारी, वृद्धाश्रममा रहेका नागरिक, कैदीबन्दी र सुरक्षाकर्मीलगायत आफ्नो निर्वाचन क्षेत्रमा जान नपाउनेका लागि समानुपातिक प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताको व्यवस्था गरेको छ ।

समानुपातिक प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले नामावली सङ्कलन गरी आयोगको प्रणालीमा प्रविष्ट हुनेक्रम जारी रहेको आयोगका सहायक प्रवक्ता ऋषिराम भुसालले जानकारी दिनुभयो ।

अस्थायी मतदाता सूचीमा समावेश हुन सम्बन्धित व्यक्तिको नाम मतदाता सूचीमा रहेको हुनुपर्ने उहाँको भनाइ छ। निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी र नखटिएका कर्मचारी तथा सुरक्षाकर्मी गरी करिब चार लाख अस्थायी मतदाता रहनेछन् ।

पशुपति वृद्धाश्रममा रहेका ९४ ज्येष्ठ नागरिकमध्ये ५८ महिला र ३६ पुरुष छन् । कूल ९४ मध्ये आठ जनाले मात्र मङ्सिर ४ गतेको निर्वाचनमा मतदान गर्न पाउने भएका छन् । वृद्धाश्रममा रहेका आठ जनाको मात्र मतदान गर्नका लागि आवश्यक कागजात रहेको वृद्धाश्रम कार्यालयका नासु हृदयराज उपाध्यायले बताउनुभयो ।

उहाँले भन्नुभयो, "५१ जनाको नागरिकता, मतदाता परिचयपत्र उहाँहरूकै आफन्तको घरमै रहेको छ । केही वृद्धावृद्ध बोल्न नसक्ने भएकाले मनदानका लागि आवश्यक कागजात कहाँ छन् त्यसबारे कुनै जानकारी लिन सकिएको छैन ।' आश्रममा मतदान केन्द्र तोकिएको निर्वाचन आयोगबाट लिखितरूपमा जानकारी आए आफूहरू तयार रहेको उहाँले बताउनुभयो ।

नागरिकता भएका आठजना वृद्धावृद्धमध्ये पाँच जनाको नजिकै तिलगङ्गामा मतदान केन्द्रमा नाम रहेको र एक वृद्धा भोट हाल्नकै लागि घर जानुभएको उहाँले स्पष्ट पार्नुभयो । आश्रममा रहेका कैयौँ वृद्धावृद्धको विगतको ठेगाना पत्ता लगाउन नसकिएका कारणले पनि कागजात नभेटिएको उपाध्यायको भनाइ छ ।

आश्रममा आश्रय लिइरहेका आमाबुवामध्ये ४३ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको, ५१ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको र ११ जनाले आजसम्म नागरिकता नपाएको उपाध्यायले जानकारी दिनुभयो । उहाँकाअनुसार नागरिकताप्राप्तगरेकाआमाबुवाको फोटोसहितको नामावली पनि छैन।

मतदान गर्नेको सङ्ख्या कम भएकै कारण आश्रममा मतदान केन्द्र नराखिएको हुनसक्ने वृद्धाश्रम कार्यालय प्रमुख ओमप्रसाद पाण्डेले बताउनुभयो । "निर्वाचन आयोगले कार्यालयको सिफारिसका आधारमा आश्रममा आश्रित वृद्धावृद्धको नाम अस्थायीरुपमा राखेर समानुपातिक प्रणालीमा मताधिकार दिएको भए हुनेथियो', उहाँले भन्नुभयो। वृद्धाश्रममा कार्यरत १९ कर्मचारीको कार्यरत रहेको उहाँहरू सबैसँग मतदान परिचयपत्र छ।

आश्रममा लामो समयदेखि आश्रय लिँदै आउनुभएका ६० वर्षीय सोमबहादुर गिरीले चुनाव आएको सुन्दा निकै खुसी लागे पनि नागरिकता साथमा नभएकाले मतदान गर्न नपाउने सुनाउनुभयो । "मेरा कागजात धनकुटाको घरमा छ, कागजपत्र भेट्टाउन पाए मतदान गर्ने थिएँ, के गर्नु, टाढा छ।'

यसैगरी, काठमाडौँ घर बताउने वरुण श्रेष्ठसँग पनि मतदानका लागि कागजपत्रको कमी छ । यस अघि उहाँले आफ्नै घरतिर मतदान गरेको सम्झनुहुन्छ। "आश्रमले कागजपत्र मिलाइदिए मतदान गर्न हुन्थ्यो', उहाँले भन्नुभयो । बयासी वर्षीय दशनारायण श्रेष्ठले मतदान गर्न आवश्यक नागरिकता आफूसँग रहेको भन्दै आगामी निर्वाचनमा मतदान गर्ने बताउनुभयो । उहाँले सबै कागजात भएकै कारण सामाजिक सुरक्षा भत्ता पाइरहेको पनि सुनाउनुभयो । "खुसी लागेको छ, चुनाव आउँदैछ, हाम्रो समस्या पनि समाधान हुन्छ नि चुनाव आएपछि त', उहाँले सुनाउनुभयो ।

बनेपा स्थायी घर भएकी र हाल आश्रममा आश्रय लिइरहनुभएकी सावित्री थापाले आफूलाई भोट माग्न कोही नआएको गुनासो गर्नुभयो । उहाँसँग पनि मतदान गर्न आवश्यक कागजात छैन । तर आश्रमले व्यवस्था गरेमा मत दिन उत्साहित रहेको बताउनुभयो ।

त्यस्तै, रामेछाप मन्थली घर भएर १३ वर्षदेखि आश्रममा बस्दै आउनुभएकी ८७ वर्षीया तुलामाया पुरीले आश्रममा बसेपछि एकपटक चुनावमा मतदान गर्नुभएको छ । उहाँले आफूसँग मत दिन आवश्यक नागरिकता रहेको भन्दै मतदान गर्न उत्सुक रहेको सुनाउनुभयो । "निकै खुसी लागेको छ, पाल्नेताल्ने कोही नभएपछि सरकारले पालिरहेको छ, आश्रममै मतदान केन्द्रको व्यवस्था भए झन् राम्रो हुने थियो', उहाँले भन्नुभयो ।

तीस वर्षदेखि आश्रममा बस्दै आउनुभएकी ९३ वर्षीया धुलिखेलकी सान्नानी तिमिल्सिनाले श्रीमान् श्रीमती नै सोही आश्रममा आश्रय लिँदै आएको र श्रीमान्को केही समयअघि निधन भएको बताउनुभयो । उहाँले आफ्नो नागरिकता सामाजिक सुरक्षा भत्ता लिने क्रममा हराएको र आफन्तले भेट्टाएर राखिदिएको सुनाउनुभयो ।

यसअघि दुई/तीनपटक भोट हालेको स्मरण गर्दै चौथोपटक मतदान गर्न पुग्दा नामावलीमा नाम छैन् भनेर फर्काइदिएकामा आपत्ति जनाउनुभयो । आश्रममा बस्दै आउनुभएकी ठमेलकी ६५ वर्षीया धनकुमारीले सात वर्षअघि मतदान गरेको सम्झनुभयो । अहिले उहाँसँग मतदान गर्न आवश्यक कागजात केही छैन । आश्रममा बस्न थालेकाले घरबाट नागरिकता ल्याउन नपाएको उहाँको भनाइ थियो ।

आसन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा आश्रममा रहेका नागरिकलाई समानुपातिकतर्फको मतदान गर्न पाउने अधिकार रहन्छ । मतदाता नामावली भएकै स्थान भए प्रत्यक्ष, नभए समानुपातिक मत दिने अधिकार छ । तर हाल उनीहरू सबैले मतदानको अधिकार पाएका छैनन् ।रासस

# उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको एघार बुँदे निर्देशन

काठमाण्डु । निर्वाचन आयोगको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले सरकार, गृह मन्त्रालयमार्फत सम्बद्ध निकायलाई निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न गराउन विभिन्न निर्देशन दिएको छ ।

वुधवार बसेको सो समितिको बैठकले निर्वाचन बिथोल्ने वा बहिष्कार गर्ने, बुथ कब्जा गर्ने, मतदातालाई मतदानको अवसरबाट वञ्चित गर्ने, डर, धाक, धम्की दिनेलगायतका काम गरी निर्वाचनको स्वच्छतामा असर पुर्‍याउने कुनै पनि गतिविधि नगर्न नगराउन उपयुक्त सुरक्षा रणनीति अवलम्बन गर्ने निर्णय गरेको छ । निर्वाचनमा आचारसंहिता उल्लङ्घनका गतिविधि, निर्वाचन प्रचारप्रसार निषेध अवधिमा हुनसक्ने अवाञ्छित गतिविधि, हातहतियार निषेधजस्ता कार्यको निगरानी गरी पूर्णरूपमा नियन्त्रणका लागि सम्बद्ध सबै पक्ष सक्रियरूपमा परिचालित हुन बैठकले निर्देशन दिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनको मितिभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने बताउनुभयो ।

मतदानको दिनको ४८ घण्टा अगाडिदेखि प्रचारप्रसार गर्न निषेध गरिएकाले उक्त अवधिमा सुरक्षा निकायले निगरानी बढाइ प्रचारप्रसारलगायतका निर्वाचन कानूनप्रतिकूल हुने कुनै पनि प्रकारका अवाञ्छित गविविधि पूर्णरूपमा नियन्त्रण गर्ने, आयोगबाट जारी गरिएको मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ को पूर्ण पालना गरी, गराई मतदानका दिन सवारीको व्यवस्थित आवागमनको प्रबन्ध गर्ने, सुरक्षाका लागि प्रत्येक मतदान केन्द्रमा ३० मिनेटभित्र पुग्नसक्ने गरी पर्याप्त रिजर्भ फोर्सको व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा जोखिमका आधारमा आवश्यकताअनुसार सुरक्षा गस्ती परिचालन गर्नेगरी निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो । रासस

# पर्यटन विकासमार्फत् जीविकोपार्जन सुधार परियोजना

पोखरा । पोखराको पर्यटनलाई जीविकोपार्जनसँग जोड्न छनोट भएका परियोजनामाथि पोखरामा सरोकारवालाबीच छलफल गरी सुझाव सङ्कालन गरिएको छ । एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सञ्चालन हुने क्षेत्रीय सहरी उत्थानशीलता तथा जीविकोपार्जन सुधार कार्यक्रम परियोजना अन्तर्गत पोखरा महानगरपालिकामा कार्यन्वयन हुने परियोजना छनोटका लागि महानगरले सरोकारवालाबीच छलफल कार्यक्रम गरीसुझाव लिएको हो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सहरी विकास र वातावरण सन्तुलन कायम गरी नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यका साथ सञ्चालित यस कार्यक्रमले पोखराको पर्यटन विकासमा पनि उल्लेखनीय योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत सञ्चालित यस कार्यक्रम महानगरले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको जानकारी दिँदै उहाँले प्राकृतिकमैत्री हरित विकासबाट पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न सकिने र त्यसका लागि पोखरा उत्कृष्ट रहेको बताउनुभयो ।

पोखरालाई पर्यटकीय राजधानी बनाउन सबैको साझा सोच र विकासप्रतिको सकारात्मक धारणा जरुरी रहेको उल्लेख गर्दै प्रमुख आचार्यले पोखराको प्राकृतिक सुन्दरतामा असरपर्ने कार्यलाई निरुत्साहित गर्दै कार्यक्रम अगाडि बढाइने बताउनुभयो । उहाँले महानगरको नीतिमै ग्रीन सिटीलाई जोड दिएकाले परियोजना पनि त्यही अनुकूल सञ्चालन हुनेमा जोड दिनुभयो । रुपान्तरणकारी परियोजना छनोट गर्न आइसिएफ इन्टरनेशनल नामक संस्थामार्फत् अध्ययन भइसकेको महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत वीरेन्ददेव भारतीले जानकारी दिनुभयो । उहाँका अनुसार अध्ययनबाट पहिलो चरणमा छनोट भएका १९ परियोजनामाथि विभिन्न क्षेत्रका सरोकारवालाबीच आवश्यक छलफल र थप सुधारका लागि सुझाव लिइएको हो ।

एडिबीले नेपालको आठ वटा नगरपालिकामा प्रकृतिलाई जीवनयापनसँग जोड्नका लागि करिब पाँच अर्ब रकम ऋण सहयोग गर्न लागेको र त्यसका लागि प्राकृतिक सुन्दरताले भरिपूर्ण पोखरा उत्कृष्ट सहरका रूपमा रहेको दिगो पर्यटन विकास कार्ययोजनाका टोली प्रमुख रिपिन कार्लाले बताउनुभयो । कार्लाका अनुसार यो परियोजना सन् २०२४ बाट शुरु हुनेछ भने पाँच वर्षभित्र सम्पन्न हुने अपेक्षा गरिएको छ । पोखराका मानिसहरू प्रकृतिप्रेमी भएको र यस परियोजनाले वातावरण जोगाएर जीविकोपार्जन कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा महानगरपालिका जनप्रतिनिधि, कर्मचारी, विषय विज्ञ पर्यटन, यातायात, वातावरणविज्ञ लगायतका सरोकारवालको उपस्थिति रहेको थियो । सहभागीले प्रस्तावित परियोजना सुधारका लागि विषयगत समूहमा छलफल गरी पोखराको दिगो पर्यटनलाई कसरी जीविकोपार्जनसँग जोड्न सकिन्छ भन्ने आधारसहित सुझाव दिनुभएको थियो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# सम्पादकीय

## विश्वविद्यालय खेल होइन्

मधेश प्रदेश सरकारले सप्तरी जिल्लाको राजविराजमा स्थापना गरेको मधेश कृषि विश्वविद्यालयलाई खेलाञ्चीको थलो बनाउन थालेको छ । विश्वविद्यालय कुनै निजी विद्यालय जस्तो बालबालिकाको भविष्यसित खेलवाड गर्ने थलो होइन् । नेपालमा संघीय सरकारले स्थापना गरेको कृषि विश्वविद्यालय अलपत्र परे जस्तै मधेश कृषि विश्वविद्यालयलाई पनि अलपत्र पार्ने प्रयास भइरहेको छ । चुनाव आउने र जाने विषय हो । लोकतन्त्रको सबै भन्दा ठूलो पर्वको रुपमा चुनावलाई लिने गरिन्छ । चुनावमा जितहार जनताको मतले हुनेछ । कसैको पक्षमा वातावरण बनाउन अथवा बिगार्न विश्वविद्यालयलाई प्रयोग गर्नु अपराध नै हो । विश्वविद्यालयमा हाल उपकुलपति र रजिष्टार बाहेक कर्मचारी छैनन् । विश्वविद्यालयको शैक्षिक कार्यक्रम तयार हुँदा त्यसलाई विश्वविद्यालयको प्राज्ञिक सभाबाट पारित गराउनु पर्छ । नेपालको कुनै विश्वविद्यालय र भारतको समेत विश्वविद्यालय लगायत संसारकै विश्वविद्यालयबाट 'अनर्स' हटिसकेको छ । संसारको अधिकांश विश्वविद्यालयसित सम्बन्धन भएको नेपालको त्रिभुवन विश्वविद्यालयको कुनै विभागमा अनर्स छैन् । शिक्षाध्यक्ष (रेक्टर) समेत नरहेको, विश्वविद्यालयको प्राज्ञिक सभाको गठन समेत नभएको, प्राध्यापक र कर्मचारीहरुको दरबन्दी कायम गर्ने र त्यसको भर्ना प्रकृया समेत सुरु नभएको अवस्थामा कृषि विश्वविद्यालयले अध्यापन गराउने स्थलको समेत यकिन नगरी बीएस्सी एजी(अनर्स)मा अनलाइन भर्ना खुल्ला गरेको छ। अनलाइन फारम भर्न २ हजार शुल्क राखिएको छ। शुल्क निर्धारण पनि भीसी र रजिष्टारले गर्ने विषय हुँदैन्। विश्वविद्यालयको गरिमालाई कायम राख्न सम्पूर्ण प्रकृया र पद्धतिलाई पालना गर्नुपर्छ ।फेकल्टी नै निर्माण नभएको अवस्थामा भीसी र रजिष्टारले सस्तो लोकप्रियताका लागि विद्यार्थी भर्नाको विज्ञापन गरेका छन्। बेरित थालिएको सो कार्यले विश्वविद्यालयको स्तरमाथि नै भविष्यमा प्रश्न उठ्न सक्छ। विश्वविद्यालयको सबै भन्दा ठूलो सम्पत्ति उसको गरिमा नै हो । भीसी र रजिष्टारको कृयाकलापले समग्रमा विश्वविद्यालयलाई क्षति पुग्नेछ। मधेश प्रदेशमा हाल संघीय सरकारको मातहतको राजर्षिजनक विश्वविद्यालय, राजविराजको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान छन । मधेश प्रदेश सरकारले मधेश विश्वविद्यालय वीरगञ्जमा, मधेश कृषि विश्वविद्यालय राजविराजमा र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा स्थापना गरेको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले प्रादेशिक अस्पताल कब्जागरी सर्वसधारणका लागि उपलब्ध हुने स्वास्थ्य सेवालाई महँगो बनाएको छ । मधेश विश्वविद्यालय वीरगञ्ज एउटा विद्यालयको भवनमा बोर्ड झुण्डयाइएको अवस्था छ । त्यहाँ एकजना भीसी बाहेकका पदाधिकारीहरु छैनन् ।मधेश कृषि विश्वविद्यालय राजविराजमा भीसी र रजिष्टार छन्। त्यहाँ पनि रेक्टर लगायतका कर्मचारी, प्राध्यापकहरु छैनन्। विश्वविद्यालय कार्यकारिणी समिति अथवा प्राज्ञ सभाको गठन नै भएको छैन्। तर चुनावको मुखमा विश्वविद्यालयले विधार्थी भर्ना खोलेको छ। मंसिर २८ गते सम्मको समयमा विद्यार्थीहरुको छनोट पनि भीसी र रजिष्टारले मात्र गर्ने अवस्था छ। विश्वविद्यालयको प्रतिष्ठासित खेलवाड नगरौ।

# हाम्रा भोट कस्तालाई: सदाचारी वा भ्रष्टाचारीलाई



डा. रामसागर पंडित

नेपालको संविधान २०७२ अनुसार यही मङ्सिर ४ गते दोस्रो आम निर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनका सबै कुराहरू लगभग पूरा गरिसकेको छ। सरकारले प्रशासनिक व्यवस्था समेत सकाएको छ। अपुग सुरक्षाकर्मी म्यादी प्रहरी नियुक्त गरी पूरा गरिसकेको छ। अहिले वर्तमान संविधान अनुसार नेपाल एक लोकतान्त्रिक गणतन्त्रात्मक देश हो। यहाँका केही जनता अहिले पनि आफूलाई प्रजा बुझेर तानाशाही सरकारभित्र राख्न चाहेका छन्। अहिले नेपाली जनता स्वतन्त्र छन्। आफ्ना शासन आफै गरिरहेका छन्। लोकतन्त्रमा जनताभन्दा माथि कोही पनि हुँदैन । राजनीतिशास्त्रले निकै धेरै सिद्धान्तहरू प्रतिपादन गरे पनि लोकतन्त्रलाई सर्वोत्तम श्रेणीमा राखेको छ । यस व्यवस्थामा जनताले जनताद्वारा जनताका लागि सरकार बनेको हुन्छ। अब प्रश्न उठ्छ तपाईं कस्तो सरकार चाहनु हुन्छ, त्यस्तै सरकार बन्छ। तपाईं अर्थात जनताकै हातमा छ। अहिले आम निर्वाचनमा भाग लिँदै हुनुहुनेछ। अहिले चुकेको जनताले भोलि जेगरेपनि ५ वर्षसम्म पचताउनु सिबाय अरू केही हुँदैन । त्यसैले सोच विचार गरेर मात्र मतदान गर्दा तपाईं एउटा इमान्दार, कर्तव्यनिष्ट, जनताप्रति निष्ठावान, निःस्वार्थ, राष्ट्रभक्त जस्ता प्रतिनिधि पाउनु हुनेछ, जो तपाईको सुखदुःखमा साथ दिनेछन्। अहिले विचार नगरेर हतारमा वा कसैको बहकाउमा यदि तपाई भोट हाल्नुभयो भने भोलि जेगर्दा पनि बदल्न पाउनु हुनेछैन। त्यसैले मत हाल्दा एकचोटी आफ्नै छातीमा हात राखेर विचार गर्नुस् र सोच्नुस् हामीले कस्ता उम्मेदवारलाई आफ्ना भोट दिने। तपाईं कहाँ अहिले ठूलूठूला आश्वासन दिन दिनरात उम्मेदवार मात्र होइन उसका कार्यकर्ता, पारिवारिक सदस्य, छिमेकी, इष्टमित्र आदि दौडादौडमा छन्। के निर्वाचन पछि पनि यिनीहरू यस्तै साथ दिन आउँछन् त ? यदि आउँदैन भने तपाईं यस्ता मिठो कुराको लोभ लालचमा नपर्नुस् यदि पर्नु भयो भने ५ वर्षसम्म तपाईंले जेगर्दा पनि उनीहरूको सहयोग पाउनु हुने छैन।

दोस्रो कुरामा तपाईंको व्यक्तित्व पनि चिनिन्छ । तपाईं जो स्तरमा हुनुहुन्छ त्यस्तै उम्मेदवारलाई पत्याउनु हुन्छ । त्यसैले यहाँका जनताले नै विचार पुऱ्याउनु पर्नेहुन्छ कि इमान्दारलाई भोट हाल्ने कि बेइमानलाई। बेइमान कसैको हुँदैन। उसले सधैं विवेकहीन कामतिर आफ्नो चासो राखेको हुन्छ। त्यसैले निर्वाचन ताका तपाईं मतदाताहरू सोच्नुस् कि इमान्दार लिने कि बेइमान सांसद। तपाईं यदि सोच्नु भएन भने तपाईं कै हातबाट पहिलो भ्रष्टाचारका काम शुरू हुन जानेछ अर्थात तपाईं पहिलो भ्रष्टाचारी व्यक्ति बन्नु हुनेछ। विचार गर्नेस् त के बन्ने ? हामी सधैं सुन्ने गर्छौं, नेपालका नेताहरू निकै भ्रष्ट छन्। यस्ता भ्रष्टाचारीलाई जन्म दिने हामी नै हौं। एउटा सांसद इमान्दार भयो भने इमान्दार सरकार बन्छ। सांसदहरू नै भ्रष्ट भए सरकार भ्रष्ट हुनु स्वभाविकै हो नि त ! अरूतिर औंला ठड्याउनु भनेको आफूतिर पनि हेर्ने गर्नु पर्छ। देश नेताको मात्र होइन, जनताको हो। जनताले नेता जन्माउँछ । हामी जस्तो रोप्छौं, त्यस्तै फल पाउँछौं।

निर्वाचन ताका शिक्षाको पनि निकै ठूलो भूमिका हुन्छ । शिक्षित व्यक्ति चुनिएर जाँदा पक्कै एउटा अशिक्षित भन्दा राम्रो कामको आशा गर्न सकिन्छ। यसमा मेरो भनाइ के छ भने सबै अशिक्षित विवेकहीनै हुन्छ भन्न खोजेको होइन। कतिपय शिक्षित व्यक्ति समेत विवेकहीनतालाई आफ्ना व्यवहारमा प्रकट गरेका हुन्छन् । तर जे जस्तो भए पनि शिक्षित र अशिक्षितको तुलना गर्दा, शिक्षितको पलडा जरूर भारी देखिन्छ। एका-दूका यस्ता व्यवहारका भए पनि अधिकांश शिक्षित यस्तो गर्ला भने जस्तो लाग्दैन । त्यसैले भोट हाल्दा शिक्षा र चेतनालाई विचार गरेर भोट हाल्नुपर्छ। जुन व्यक्तिमा चेतना हुन्छ उसले काम गर्दा पक्कै पनि आफ्नो चेतनालाई प्रयोग गर्छ होला। कतिपय मतदाताबाट नयाँ/पुरानोका कुरा पनि सुनेको छु । नयाँ/पुरानोमा विभेद हुँदैन । कतिपय कुरामा नयाँ ठीक हुन्छ भने कतिपय कुरामा पुरानो र अनुभवी उम्मेदवार ठीक हुन्छ। नयाँ उम्मेदवारसँग जोश/जाँगर हुन्छ भने पुरानोमा विगतको अनुभव हुन्छ। युवामध्ये पनि विवेकहीन, भ्रष्टाचारी तथा जिम्मेवारविहीन हुन सक्छ भने कतिपय पुरानो उम्मेदवार भ्रष्ट, नैतिकहीन तथा शोषक प्रवृतिका हुन सक्छन् । त्यसैले भोट हाल्दा यी सबै कुरामा ध्यान पुऱ्याउँदा जरैदेखि भ्रष्टाचार उन्मूलन हुने बढ्दो सम्भावना बन्न जान्छ, होइन भने भन्न सकिन्न।

यी भ्रष्टाचारीहरूका व्यवहारले नै व्यवस्थामाथि प्रश्न चिह्न उठेको छ। कतिपयले के भन्न थालेका छन् भने जो व्यवस्था आए पनि उस्तै हो नि त! अर्थात लोकतन्त्रको तुलना पनि तानाशाही सरकारसँग गर्न पछि पर्दैनन् । पञ्चायती सरकारले गरेका व्यवहार यदि लोकतन्त्रमा पनि दोहोरिन्छ भने दुबैमा के फरक भयो त! यसको फरक जनताले नै छुट्याउन सक्छन्। अहिले हुने निर्वाचनमा त्यस्तै व्यक्तिलाई हामीहरू भोट दिन्छौं भने कसरी फरक हुन सक्छ । त्यस्तै विगतको निर्वाचनमा जे भयो, अब हुने निर्वाचनमा त्यस्तो व्यवहारलाई नदोहोराऔं । अहिले देश कस्तो भ्रष्ट भइसकेको छ, त्यो कुरा कसैसँग लुकेको छैन। एउटा यस्तै भ्रष्ट कर्मचारी सामुने मैले अलिकति इमान्दारीको कुरा उठाउँदा उसको भनाइ के थियो भने लोकतन्त्र सबैका लागि आएको हो नि त ! अर्थात उसलाई पनि घूस खान लोकतान्त्रिक अधिकार छ । कुनै कुनैले कसरी परिभाषित गरेका छन्। यी सबैका मूल जडा निर्वाचन नै हो। हामी जति इमान्दारीपूर्वक आफ्ना भोट हाल्छौं त्यति नै इमान्दार सांसद तथा सरकार पाउने छौं। अहिलेको मूल सवाल यही हो। निर्वाचनकै बेला मासु माछाका पसलहरूमा किन बढी भिडभाड देखिन्छ त ? रक्सीको भट्टी किन भरिभराउ देखिन्छ त ! यसका जबाबतिर खोजतलास गर्दा प्रष्ट उत्तर आउँछ कि यसका भूल दोषी हामी छौं। हाम्रा व्यवहार जति शुद्ध हुन्छ त्यतिनै इमान्दार र नैतिकवान सांसद भोलि हामी पाउँछौं। यहाँका जनता अहिले पनि आफ्नो अधिकार र कर्तव्यका बीच फरक छुट्याउन सकेका छैनन् । ती अधिकार र कर्तव्यलाई ठीकसँग प्रयोग गर्न सक्ने हो भने हामी पक्कै चाहे जस्तो सांसद पाउन सक्छौ होइन भने यस्तै हो। निर्वाचनका बेला तपाईं हेर्नुहुन्छ जताततै दलालैदलाल हुन्छन् । दलालको सहयोग बिना निर्वाचन जित्न पनि गाह्रो छ। यिनीहरूका सहयोग बिना घर-जगा पनि खरिद-बिक्री गर्न गाह्रो छ, डेरा दिन र पाउन पनि उनकै सहारा लिनु पर्ने हुन्छ। यातायात, मालपोत, नापी, भन्सार, अदालत आदिमा समेत यस्तै दृश्य हेर्न सकिन्छ । निर्वाचनमा पनि यस्ता दलाली किन नहोस् ? गाउँ-गाउँमा रांगा र खसीहरू ढालिन्छन्, विहान र बेलुका चिया पसलहरूमा भन्दा साँझका भट्टी पसलहरू भरिभराउ हुन्छन्, क्लव, पुस्तकालय तथा युवा संघको कार्यालयहरूमा खेलकूदका नयाँ सामान र सामग्री भित्रिन्छन्, झोपडीमा पनि नयाँ सारी र हजारका नोट भेटिन्छन्। यस्ता पाएका सरसामान र रूपैया कति दिन चल्ला ? भोलि त फेरि कमाइ कै भर हुन्छ। के एक दिन मीठो खाएर वर्षौंवर्षका अधिकारलाई गुमाने त ! यस्ता काम त विवेकहीनै मतदाताबाट सम्भव हुन सक्छ । त्यसैले यस्ता विवेकहीन मतदाता नबनौं । आफ्ना मतलाई सही ठाउँमा प्रयोग गरेर सही व्यक्ति छनौट गर्दा विकासका कामहरू घर दैलोमा छिट्टै आउन सक्छन् । सडक, बाँध, पुल, कुलो कुलेसा, विद्यालय, अस्पताल आदि कुराको निर्माण छिट्टै हुन सक्छ, होइन भने यस्तै भ्रष्टाचारी युगको निरन्तरता हुन जानेछ।

ेरो मताधिकारको प्रयोग व्यक्तिगत लाभका लागि होइन, सार्वजनिक हितका लागि हो । त्यसर्थ मेरो भोट भ्रष्टाचारीलाई होइनः सदाचारीलाई, अशिक्षितलाई होइनः शिक्षितलाई, विवेकहीनलाई होइनः विवेकीलाई जानु पर्छ । यस्ता गर्दा मात्रै हामी सही लोकतान्त्रिक सरकार पाउन सक्छौं । यस्ता भ्रष्टाचारीहरूका सम्बन्ध तलदेखि माथिसम्म हुन्छ । कहिले काँही के देखिन्छ भने अफिसका खरदार/सुब्बाहरू बलीका बोका बन्न जान्छन्। यो देशको लागि दुर्भाग्य हो।

अधिकांश नेताहरू ठेक्कापट्टा गर्ने ठेक्केदार जस्तो काम राजनीतिमा देखाइ रहेका हुन्छन्। ठेक्कापट्टामा नाफा घाटाको कुरो हुन्छ। यहाँका अधिकतर उम्मेदवार हरूले यस्तै काममा तल्लीन छन्। निर्वाचनका बेला जनताको घरदैलोमा गइ दलाल मार्फत पैसा बाड्ने गर्छन। होटल फ्री गरेका हुन्छन्। भट्टीमा रक्सी सित्तैमा पिलाउने काम गर्छन। लता/कपडा बाँड्छन्। यति गर्दा पनि नपुग्दा अग्रिम विभिन्न किसिमका प्रलोभन दिने गर्छन। त्यतिबाट नभएर केही गुण्डा नाइकेहरूद्वारा धाक/धम्की दिने काम पनि गरेका हुन्छन्। यो त अहिले सामान्य कुरा भै सकेको छ। कम आय भएका व्यक्तिहरू निर्वाचनमा जान्नै सक्दैनन् । आजको समयमा निर्वाचनमा उम्मेदवार बन्न कम्तीमा एउटा क्षेत्रका लागि ५-१० करोड रूपैया साधारण कुरो हो। जित्नेले जित्छ अन्य सबै हार खाएर आ-आफ्ना घर फर्किन्छन्। निर्वाचनलाई एउटा जुवाको क्षेत्र बनाएर छोडेका छन् । यसरी ठिक्कापट्टामा हुने निर्वाचनले कसरी एउटा इमान्दार व्यक्तिलाई निर्वाचन जिताउन सक्छ । ठाउँ/ठाउँमा भ्रष्टाचारी छन् । टिकट लिने दिनदेखि नै लेनदेन शुरू भैहाल्छ। पार्टीका अधिकांश नेता पार्टीबाट टिकट किनेर नै निर्वाचन लडेका हुन्छन् । निर्वाचनको क्षेत्रमा आउँदा आउँदै कैयौं लाख खर्च भई सकेको हुन्छ।

निर्वाचन टिकट पाउनेदेखि कै दिनबाट भोज भतेर शुरू भै हाल्छ। के देखिन्छ भने नेपाल गरिब भए पनि निर्वाचन ताका सबै उम्मेदवार अमिरी प्रदर्शन गरेका हुन्छन्। कोभन्दा को कम पत्ता लगाउन कठिनै हुन्छ। पार्टीहरू पनि आ-आफ्ना उम्मेदवारलाई वाहवाही गरेका हुन्छन्। यही राजनीतिको फोहरी खेल र राजनीतिलाई यस्ता फोहरी खेलमा फसाउने नेता तथा पार्टीहरू कहिले पनि जनतासँग गरेको बाचा पूरा गर्न सक्दैन। राजनीति त एउटा त्याग हो । राजनीति भनेको एउटा आदर्श हो । राजनीति एउटा नमूना हो । यसका नेताहरूका व्यवहार सादा जिन्दगी तथा उच्च विचारसँग सम्बन्धित हुनु पर्छ । राजनीति एउटा त्यागको नाम हो । जनता सामुन्ने गरेका बाचा जसरी पनि पूरा गर्ने प्रयासमा लाग्नु नै नेताको मूल काम हो। यहाँ नेताहरू जनताका शासक ठान्दछन् । उनीहरू बास्तवमा जनताका सेवक हुन् । जबसम्म नेताहरू जनताको सेवकको भूमिकामा आउँदैनन् तबसम्म देश बन्दैन। हाम्रो देशमा केही नेताको नाम बडो आदरपूर्वक लिने गरिन्छ। उदाहरणको रूपमा विपी कोइराला, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, गणेशमान सिंह, सुशील कोइराला, मदन भण्डारी लगायत यस्तै अन्य नेताहरूलाई लिन सकिन्छ। यिनीहरू मध्ये कतिले प्रधानमंत्री पदमा बस्दा पनि कुनै भ्रष्टाचारको काम गरेको देखिएन । यस मध्येका कतिपय नेता त पदमा जान मानेनन्। कति त्याग रहेछ। आजका नेताहरू पदकै लागि होड मच्चाएर पार्टी फोड्ने सम्मको कामबाट पछि पर्दैनन्। अहिले संविधान जोगाउन पार्टीबाट विद्रोह गरी नयाँ पार्टी निर्माण गरेर संविधान जोगाउन गरेका प्रयासलाई कम त्याग मान्न सकिँदैन। अहिले देशमा हुन लागेको निर्वाचनमा संविधान पक्षीय र संविधान विरोधी बीचको जनमत संग्रहको रूपमा समेत लिन सकिन्छ । हेर्दै जाऔं, जनता कसलाई साथ दिन्छन्ः अग्रगामी कि प्रतिगामीलाई। यी दुबै कितामा बस्ने पार्टीहरू आ-आफ्ना कित्तामा बसेर जनतासँग आफ्ना मत माँगि रहेका छन् । लोकतन्त्रमा जनताको मत नै सबैभन्दा ठूलो निर्णायक शक्ति हुन्छ। यसलाई कुनै पार्टीले विर्सनु हुँदैन।

निष्कर्षमा के भन्न सकिन्छ भने मङ्सिर ४ गतेमा हुने निर्वाचनलाई आ-आफ्ना ठाउँबाट कसरी निर्वाचन निष्पक्ष तथा भ्रष्टचाररहीत होला, त्यतातिर देशका सबै बुद्धिजीवी, शिक्षक, प्राध्यापक, चिकित्सक, किसान, विद्यार्थी, राष्ट्रसेवक, मजदूर, अभिभावक लगायत अन्य तप्काका सबै मिलेर निष्पक्ष निर्वाचनका लागि आ-आफ्ना ठाउँबाट आवाज बुलन्द गरौं । यहींबाट देशलाई भ्रष्टाचारमुक्त बनाऔं। इतिश्री।

**लेखक त्रिविका अवकाशप्राप्त सह-प्राध्यापक तथा अन्वेषक हुन् ।**

> ***राजनीति एउटा त्यागको नाम हो। जनता सामुन्ने गरेका बाचा जसरी पनि पूरा गर्ने प्रयासमा लाग्नु नै नेताको मूल काम हो। यहाँ नेताहरू जनताका शासक ठान्दछन्। उनीहरू बास्तवमा जनताका सेवक हुन्। जबसम्म नेताहरू जनताको सेवकको भूमिकामा आउँदैनन् तबसम्म देश बन्दैन। हाम्रो देशमा केही नेताको नाम बडो आदरपूर्वक लिने गरिन्छ। उदाहरणको रूपमा विपी कोइराला, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, गणेशमान सिंह, सुशील कोइराला, मदन भण्डारी लगायत यस्तै अन्य नेताहरूलाई लिन सकिन्छ।***

# भात स्वस्थकर कि रोटी ?



डा. रामदेव पण्डित
आयुर्वेद चिकित्सक

अधिकांश नेपालीले मुख्य खानाका रूपमा भातलाई नै लिने गरेको पाइन्छ। पेटभरि भात नखाइ राम्रोसँग निन्द्रा नै लाग्दैन भन्नेहरू पनि थुप्रै छन्। घरबाहिर कतै घुमफिर गर्न जाँदा पनि मुख्य खानामा भात खाएरै रमाउँछन्। भात विना एक-दुई दिन बस्न पनि मुस्किल हुन्छ भने झैं गर्छन्।

नेपालमा कुनैबेला अधिकांशले सकेसम्म पहाडतिर भात र तराईतिर रोटी खाने गरेको पाइन्थ्यो। दैनिक साँझ बिहानै खाइने भात र रोटी नेपालीहरूको मूल खाना थियो। अहिले तराईतिर रोटी खानेहरूले पनि भात नै खान थालेका छन्। भात वा रोटी नेपालीहरूले बच्चैदेखि खाँदै आएकाले जबसम्म यी दुईमध्ये कुनै एक खाँदैनन् तब सम्म तृप्त भएको ठान्दैनन्। अरु जे जे खाए पनि तृप्तिका लागि भात वा रोटी नै खाने गर्दछन्।

अधिकांश नेपालीले मुख्य खानाका रूपमा भातलाई नै लिने गरेको पाइन्छ। पेटभरि भात नखाइ राम्रोसँग निन्द्रा नै लाग्दैन भन्नेहरू पनि थुप्रै छन्। घरबाहिर कतै घुमफिर गर्न जाँदा पनि मुख्य खानामा भात खाएरै रमाउँछन्। भात विना एक-दुई दिन बस्न पनि मुस्किल हुन्छ भने झैं गर्छन्।

सामान्यतः भात भन्दा रोटी खान आम रूपमा निःशुल्क सुझाव दिने लिने गरेको पाइन्छ। के यो सही सल्लाह हो ? भात छोडेर रोटी खान सुरु गर्नु बुद्धिमानी हो त? वास्तवमा भात र रोटी दुवैमा उस्ता उस्तै मात्रामा कार्बोहाईड्रेट पाइन्छ। कार्बोहाईड्रेटको मात्राको आधारमा मात्र भात भन्दा रोटी उत्तम भन्नु सही होइन। दुवै अन्न हुन्। क्यालोरीको हिसाबले रोटी भन्दा भातमा अलि बढी क्यालोरी पाइन्छ।

भातमा स्टार्च (सिम्पल कार्बोहाईड्रेट) हुन्छ जुन छिट्टै पच्छ र फेरि छिट्टै भोक लाग्छ। रोटीमा प्रोटिन र फाइबरको मात्रा बढी हुन्छ जसले गर्दा पच्न समय लाग्छ। भोक पनि ढिलो लाग्छ। पोष्कतत्वको मात्रालाई तुलना गरी भन्नु पर्दा भात भन्दा रोटी उत्तम मान्नुपर्छ तर यहाँ ध्यान दिनुपर्ने कुरा भनेको यी दुवैमा हुने सोडियमको मात्रा हो। प्रत्येक १२० ग्राम गहुँमा ८० मि.ग्रा. सोडियम हुन्छ। सोडियम खान नहुने अवस्थामा रहेकाहरूका (जस्तै उच्च रक्तचापका रोगी) लागि रोटी सही छनोट हुन सक्दैन।

रोटीमा क्याल्सियम, पोटासियम, आइरन, फस्फोरस आदि पनि रहेको हुन्छ। भातमा क्याल्सिम हुँदैन। साथै भातले शरीरमा गएर पोटासियम र फस्फोरसको तहलाई घटाउँछ। पच्न समय लाग्ने भएकाले रोटीले रगतमा लामो समयसम्म सुगरको मात्रा सन्तुलित बनाइ रहन्छ।

भात भन्दा रोटीमा धेरै पोषक तत्व हुन्छ भनेर मात्र हुँदैन। चामल र गहुँको गुणस्तर पनि हेरिनुपर्छ। सन् २०१८ र २०१९ मा नेशनल राईस रिसर्च इन्स्टिच्युट र इन्डियन ह्विट एण्ड बार्ली रिसर्च इन्स्टिच्युटले १६ प्रजातिको चामल र १८ प्रजातिको गहुँका सम्बन्धमा गरेको अध्ययन अनुसार ५० वर्ष अगाडिका चामल वा गहुँभन्दा हिजोआज उत्पादन हुने चामलमा जिङ्क २३.९८ प्रतिशतले र आईरन १६.७ प्रतिशलते कम पाइन्छ। त्यस्तै गहुँमा जिङ्कको मात्रा २९.४२ प्रतिशतले र आईरनको मात्रा १९.२७ प्रतिशतले कम पाइन्छ।

भात अस्वस्थकर कुरा कदापि होइन तर सही तरिकाले मात्रा मिलाएर खान सके हितकर एवं स्वस्थकर बनाउन सकिन्छ। सही तरिकाले पकाएर भात खान सिके त्यो अस्वस्थकर नभई स्वस्थकर एवं स्वादिलो पनि हुन्छ।



खासमा बिरामीहरूका लागि आयुर्वेदमा भात पकाउने विभिन्न तरिका निर्देश भएको पाइन्छ जसलाई स्वस्थकर व्यक्तिहरूले खान नमिल्ने भन्ने होइन। भात नभई नहुने व्यक्तिहरूका लागि भात पकाउने यो आयुर्वेदीय विधि निकै रोचक हुनसक्छ। आयुर्वेदिक विधिबाट पाक्ने भात शरीर र मन दुवैको लागि सुखद हुन्छ, सन्तुष्टि दिन्छ। त्यसरी पाकेको भातमा वा भातसँग आवश्यक स्वाद अनुसार मसला, दाल एवं सब्जीहरू मिसाएर खान सके पाचनक्रिया गतीशील र तन्दुरुस्त हुन्छ। त्यस्तो भातको परिकार थोरै खाए पनि पेट भरिन्छ र शरीरलाई आवश्यक ऊर्जा पनि आपूर्ति हुन्छ। शरीरलाई सम्यक पोषण पनि प्राप्त हुन्छ। ती विधि एवं परिकारहरूले कुनै प्रकारको हानी नोक्सानी पनि गर्दैन।

१) **माण्डः** १४ भाग पानी र १ भाग मात्र चामल राखी बनेको भातबाट सिता छानेर बचेको तरल पदार्थलाई माड भनिन्छ। यसलाई भातको सट्टामा आवश्यकता अनुसार मर मसला राखेर सब्जीहरूसँग खान सकिन्छ।

२) **पेयः** १४ भाग पानी र एक भाग चामल राखेर पकाउनु पेय हो। यसलाई पनि भातको सट्टामा मर मसला राखेर सब्जीहरुसँग खान सकिन्छ।

३) **यवागुः** ६ भाग पानी र १ भाग चामल राखेर पाक्ने परिकारलाई यवागु भनिन्छ। यसलाई भातको सट्टामा आवश्यक मर मसला राखेर सब्जीहरुसँग खान सकिन्छ।

४) **विलेपीः** ४ भाग पानी र १ भाग चामल राखी पाक्ने परिकार विलेपी हो। यसलाई खिचडी पनि भन्न सकिन्छ। यसलाई भातको सट्टामा मर मसला राखेर सब्जीहरूसँग खान सकिन्छ।

५) **ओदनः** २ भाग पानी र १ भाग चामल राखेर बनाइने परिकारलाई ओदन भनिन्छ। यसलाई पनि मर मसला राखेर सब्जीहरूसँग खान सकिन्छ।

हाम्रो परम्परागत रोटी पकाउने विधिलाई बदल्न सके रोटी खान मन नपराउनेले पनि रोटी मन पराउन थाल्छन्। ती विधिहरूलाई दैनिक जीवनमा अपनाउन सके रोटी खाई खाई वाक्क भएकाहरूले पनि रमाइलो मानी रोटी खान सक्छन्।

रोटी बनाउन विभिन्न थरिका पिठो प्रयोग हुने गरेको छ। गहुँको पिठो (चोक्कर सहित), मैदा (चोक्कर रहित), चामलको पिठो, बेसन (चनाको दालको पिठो), मकैको पिठो, जौको पिठो, कोदोको पिठो, फापरको पिठो, आदि। सबै खालका पिठोको आ-आफ्नै विशेषता छ। यी सबै फरक फरक पिठोमा पोषक तत्वहरू पनि फरक फरक प्रकारको मात्र नभएर ती तत्वहरूको मात्रा पनि फरक हुन्छ। रोटीलाई फुल्का, चपाती आदि नामले पनि सम्बोधन गरिन्छ।

रोटीका लागि वेसनको पिठोलाई सबै भन्दा उत्तम मान्न सकिन्छ। वेसनमा बोसो एवं कार्बोहाईड्रेटको मात्रा अति नै कम हुन्छ। भिटामिन एवं मिनरल्स प्रचुर मात्रामा पाइन्छन्। वेसनमा फाइबर पनि हुन्छ। वेसनको रोटीले शरीरको कफ एवं पित्तलाई सन्तुलित बनाउँछ।

१०० ग्राम वेसनमा ३५० किलो क्यालोरी ऊर्जा, प्रोटिन २३.३३ ग्राम, फैट ३.३३ ग्राम, कार्बोहाईड्रेट ५६.६७ ग्राम, फाइबर ६.७ ग्राम, आइरन ४.५ मि.ग्रा., सोडियम १७ मि.ग्रा., आदि अन्य धेरै पोषक तत्वहरू रहेका हुन्छन्। वेसनमा कोलेस्ट्रोल शून्य मात्रामा हुन्छ अतः यो हृदयको स्वास्थको लागि पनि हितकर हुन्छ।

पिठोहरू मध्ये मैदाको पिठोको रोटी सर्वथा अस्वस्थकर हुन्छ। चोक्करसहितको पिठो मैदा जस्तो अस्वस्थकर भने हुँदैन। अरु खाले पिठोको रोटी कहिलेकाहीँ खाँदा शरीरमा नपुगेको तत्वहरूको आपूर्ति पनि हुन्छ साथै स्वाद पनि फेरिन्छ, परिकारको विविधताले खानपिन रमाइलो बन्छ।

रोटी कै अर्को परिकार पराठा तेल राखेर बनाइने हुँदा त्यो त्यति स्वस्थकर हुँदैन। पराठा भन्दा सादा रोटी नै बढी स्वस्थकर हुन्छ।

भात वा रोटीसँग खाइने खानेकुराहरूले पनि त्यसलाई स्वस्थकर वा अस्वस्थकर बनाउने गर्दछ। भात वा रोटी कस्तो खाले चामल वा पिठोले बनेको हो ? बनाउने प्रक्रिया कस्तो हो ? त्यसमा केही मिसाइएको छ कि ? त्यसलाई केसँग खाइयो ? खाँदा चपाइचपाइ खाइएको हो कि होइन ? खाने बेलामा व्यक्तिमा भोक कत्तिको थियो ? व्यक्तिमा कुनै रोग पो लागेको थियो कि ? कति मात्रामा खाइएको हो ? आदि धेरै कुराहरुले प्रभाव पार्ने हुन्छ।

निष्कर्षमा भन्नु पर्दा भात वा रोटीको आ-आफ्नै गुण एवं दोष छन् तर तुलनात्मक रूपमा रोटी भात भन्दा धेरै दृष्टिकोणले स्वस्थकर देखिन्छ। श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# वर्तमान शासकीय स्वरुपबाट मुलुकमा विकास र समृद्धि : अध्यक्ष ओली

विराटनगर । नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान शासकीय स्वरुपबाट मुलुकको विकास र समृद्धि कायम गर्न सकिने बताउनुभएको छ । विराटनगर विमानस्थलमा आज सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै उहाँले यही शासकीय स्वरुपले दिएको प्रणालीलाई सफल कार्यान्वयन गरेमा जनतामा समृद्धि ल्याउन सकिने प्रष्ट पार्नुभयो ।



अहिले भइरहेको प्रणाली भन्दा कार्यान्वयन गर्ने व्यवहारमा कमजोरी रहेको छ भन्दै अध्यक्ष ओलीले व्यक्तिमा रहेको आचरण र व्यवहारलाई परिवर्तन नगरेसम्म जुनसुकै शासकीयस्वरुप पनि असफल हुने प्रष्ट पार्नुभयो । "शासकीयस्वरुप परिवर्तमानमा अहिले हतारिने बेला होइन, सल्लाह र समझदारीमा समाधान गर्न सकिन्छ", उहाँले भन्नुभयो ।रासस

# आचारसंहिता पालना कडाइबाट तडकभडक हटेको छ : नेताहरू

काठमाण्डु । मतदाताले यस पटक पनि सांसदका उम्मेदवारसँग कानुनभन्दा विकास निर्माणका विषयसँग सम्बन्धित भएर चासो र जिज्ञासा राखेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, सडक, सिँचाइ, सञ्चार, विद्युतीकरण, कृषिमा आधुनिकीकरण गर्नेलगायत पूर्वाधार निर्माणका विषयमा प्राथमिकता दिन उनीहरूको माग छ ।

नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले नेपालमा चिया उत्पादनमा अग्रणी रहेको इलामलाई चियाको राजधानी घोषणा गर्न तथा उपयुक्त हावापानी भएकाले जिल्लाका प्रत्येक वडालाई पर्यटकीय विकास गर्नका लागि ठोस कार्यक्रम ल्याउन मतदाताले आफूसँग आग्रह गरेको बताउनुभयो ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसार विगतभन्दा भिन्न महसुस भएको प्रतिक्रिया पनि उहाँले दिनुभयो । निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र भयरहित तुल्याउन आचारसंहिता पालनामा कडा नीति लिएपछि खर्चिलो र भड्किलो प्रचारप्रसार, ठूला आमसभा, पदयात्रालगायत तडकभडकका कार्यक्रम न्यून भएको देखिएको उहाँको विचार छ । उहाँले भन्नुभयो, "आचारसंहितामा कडाइको नीति लिनासाथ खर्चमा न्यूनीकरण भएको छ, लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचन सम्पत्तिवालाले मात्रै लड्न सक्ने हुनहुन्न, निर्वाचन पद्धतिलाई नयाँ ढङ्गले परिष्कृत गर्नुपर्छ ।"

राजनीतिक दल र उम्मेदवार प्रचारप्रसारको अन्तिम चरणमा पुगेका छन् । बिहीबार राति १२ बजेदेखि प्रचारप्रसारको काम पूरा भई 'स्थिरावधि' सुरु हुनेछ ।

आफ्नो निर्वाचन क्षेत्रमा वाम-लोकतान्त्रिक गठबन्धनका पक्षमा ठूलो उत्साह र उमङ्ग रहेको जिकिर गर्दै पूर्वप्रधानमन्त्री खनालले आफूप्रति जनताको त्यत्तिकै गहिरो सहानुभूति रहेको पनि विश्वास व्यक्त गर्नुभयो । "देश र जनताको भलाइका लागि नेतृत्वले आमरूपमा सुस्थिर ढङ्गले काम गर्न नसक्दा विकासको ठूलो अवसरलाई प्रयोग गर्न नसकिएकोप्रति मतदाताले असन्तुष्टि व्यक्त गरेका छन्", उहाँले लाई भन्नुभयो ।

यस्तै नेपाली कांग्रेसका नेता रमेश लेखकले आयोगले आचारसंहिता कार्यान्वयनमा गरेको कडाइले निर्वाचनलाई शालीन र भद्र बनाउने वातावरण बनाएको भनी खुसी प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, "आचारसंहिता जुन ढङ्गले लागू गरियो, त्यो राम्रो भो भन्ने मेरो मान्यता छ । माइकिङ, ठूला आमसभालगायत तडकभडक नगरी मतदाताका घरदैलामा पुगेर रमाइलो वातावरणमा आनन्दसँग प्रसार गर्न पाइएको छ । मलाई यो त बडो रमाइलो लागेको छ ।"

चुनाव प्रसारप्रसार गर्दै मत माग्न जाँदा जनताले अहिले पनि बाटो, बाढी नियन्त्रण, मलखादजस्ता स्थानीय तहकै विकासका विषयलाई प्राथमिकता दिएको बताउँदै उहाँले भन्नुभयो, "चुनावी वातावरण राम्रो छ, शान्तमय छ, संविधानको रक्षा गर्दै सबैभन्दा पहिलो राजनीतिक स्थिरता र समृद्धिका मुद्दालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जाहेर गरेको छु ।"

महाकाली बाढीबाट हरेक वर्ष क्षति बेहोर्दै आएका मतदाताले संविधान निर्माण कार्यले आफूहरूमा उत्साह नआएको बताएको पूर्वभौतिक योजना तथा यातायातमन्त्री लेखकले जानकारी दिनुभयो । उहाँले कञ्चनपुरलाई त्रिदेशीय नाका तथा व्यापारिक- औद्योगिक- धार्मिक केन्द्र बनाउनेलगायत स्थानीय समस्या र विकासलाई सम्बोधन गर्न प्रयत्न गर्ने वचन दिनुभएको छ ।

यसैगरी नेकपा (एमाले)का नेता छविलाल विश्वकर्माले संसद् र सांसदको मुख्य जिम्मेवारी र कार्यक्षेत्र भनेको संविधान र कानुन निर्माण हो भन्ने पाटाबाट आफूहरूले जनतालाई अझै बुझाउन नसकेका कारण चुनावमा विकास निर्माणकै विषयले प्राथमिकता पाउँदै आएको स्पष्ट गर्नुभयो । उहाँले भन्नुभयो, "सांसदको काम भनेको कानुन बनाउने हो भनेर बुझाउन सकिएको छैन, त्यसरी बुझाउन नसक्नु दल र सरकारको कमजोरी हो ।"

विगतका तुलनामा यस पटकको निर्वाचन प्रसारप्रसार शैली परिष्कृत भए पनि अझै सुधारको खाँचो औँल्याउँदै पूर्वकृषि तथा सहकारीमन्त्री विश्वकर्माले भन्नुभयो, "निर्वाचनलाई तामझामपूर्ण र भड्किलो बनाउन हुन्न, सजिलो र सहज बनाउनुपर्छ, नत्र यो सत्ता र शक्ति भएकाहरूमा मात्र सीमित हुन्छ ।"

आयोगले लोकतन्त्रलाई सुदृढ तुल्याउन गुण र दोषका आधारमा उम्मेदवारको चयन हुनुपर्छ भनी राजनीतिक दलसँगको छलफलका आधारमा निर्वाचन आचारसंहिता लागू गरेको हो । निर्वाचनका सन्दर्भमा उत्साहका साथ जनतासँग छलफल र भेटघाट भइरहेको बताउँदै उहाँले 'राष्ट्रियता, विकास र समृद्धिका विषयका अतिरिक्त जिल्लाको विकासका लागि आफूले कोरेको जगमा उभिएर' विजयी भएका खण्डमा त्यसलाई पूर्णता दिने अठोट व्यक्त गर्नुभयो । रुपन्देही क्षेत्र नं १ चुरे पहाडदेखि नेपाल-भारत सीमा दशजग्गासम्म फैलिएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता लक्ष्मणलाल कर्णले निर्वाचनप्रति जनता ज्यादै सचेत रहेको आफूले पाएको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनमा पुल, बाटो, नाला, स्कुल र मन्दिर निर्माण जस्ता विषयलाई नै जनताले प्राथमिकतामा राखेर उम्मेदवारसँग माग गरिरहेका छन्, जुन काम हाम्रो होइन ।" निर्वाचन प्रचारप्रसारमा आचारसंहिता पालनामा गरिएको कडाइको स्वागत गर्दै पूर्वमन्त्री कर्णले भन्नुभयो, "आचारसंहिता पालनाको अनुगमन गर्ने बलियो संयन्त्र हुनुपर्छ, त्यो छैन ।"

एमालेका धनकुटाका उम्मेदवार राजेन्द्र राई उत्सुकताका साथ मतदाताले मतदानको दिन पर्खेर बसिरहेको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "सुशासन, भ्रष्टाचारको अन्त्य, भौतिक पूर्वाधार, कृषिको आधुनिकीकरण, खानेपानी, बाँदर आतङ्कलगायत विषय सदनमा पुगेर प्रखररूपमा उठाउनेछु ।" यस पटकका निर्वाचनमा तडकभडक, तामझाम प्रचारप्रसादभन्दा जनताका घरदैलामा पुगेर अन्तरक्रिया गर्दै मत माग्ने कार्य ठीक र राम्रो लागेको उहाँले प्रतिक्रिया दिनुभयो ।रासस

# दलको प्राथमिकतामा शिक्षा, घोषणापत्र कार्यान्वयनमा उदासीनता

काठमाण्डु । २०७४ सालको निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को वाम गठबन्धनले साझा घोषणामार्फत शिक्षा क्षेत्रमा २० प्रतिशत बजेट छुट्याउने वाचा गऱ्यो । निर्वाचनमा वाम गठबन्धनले बहुमत ल्यायो र केपी शर्मा ओलीको नेतृत्वमा सरकार पनि बन्यो । तर ओली नेतृत्वमा सरकारले ल्याएका चारवटा बजेटमा वाचा गरेभन्दा करिब आधा मात्रै बजेट विनियोजन हुनसक्यो ।




अर्थमन्त्रीका रूपमा खतिवडाले आर्थिक वर्ष २०७५/७६ मा १० दशमलव २३, आव २०७६/७७ मा १० दशमलव ६४ र आव २०७७/७८ मा ११ दशमलव ६४ प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याउनु भएको थियो ।

त्यसैगरी ओली नेतृत्वकै सरकारका तर्फबाट अर्थमन्त्री विष्णु पौडेलले आव २०७७/७८ मा १० दशमलव ९२ प्रतिशत र वर्तमान सरकारका अर्थमन्त्री जनार्दन शर्माले चालु आवमा १० दशमलव ९५ प्रतिशत मात्रै बजेट विनियोजन गर्नुभएको छ ।

नेकपा (एमाले)ले चार वर्षअघि गरेको त्यो वाचा भने यसपटकको घोषणापत्रमा उल्लेख गरेको छैन । बरु २०७४ मा जस्तै माओवादी केन्द्रले भने त्यसलाई निरन्तरता दिएको छ । साथै, आसन्न निर्वाचनको घोषणापत्रमा नेपाली कांग्रेसले पनि शिक्षा क्षेत्रमा कूल सार्वजनिक खर्चको २० प्रतिशत पुऱ्याउने नीति लिइने उल्लेख गरेको छ ।

यद्यपि विगतका इतिहास हेर्दा त्यो कार्यान्वयन हुनेमा भने विश्वास गर्न नसकिने विज्ञहरू बताउँछन् । शिक्षा क्षेत्रमा सबैभन्दा बढी बजेट आव २०६७/६८ मा एमालेका सुरेन्द्र पाण्डे अर्थमन्त्री भएका बेला १७ दशमलव १ प्रतिशत बजेट बिनियोजन भएको थियो । त्यसयता लगातार ओरालो लागेको शिक्षाको बजेट २०७४/७५ मा नौ दशमलव ९१ प्रतिशतसम्म झरेको थियो ।

शिक्षाविद् धनञ्जय शर्मा शिक्षामा पर्याप्त लगानी नहुँदासम्म घोषणापत्रमा भनिएजस्तो विकास गर्न नसकिने बताउनुहुन्छ । "राजनीतिक दलहरूले लामो समयदेखि शिक्षामा २० प्रतिशत बजेट छुट्याउने वाचा गर्दै आएका छन्, तर सो अनुसारको कार्यान्वयन भएको छैन", उहाँले भन्नुभयो, "आर्थिक अवस्था कमजोर हुँदासम्म शिक्षामा सुधार गर्न सकिन्न ।"

त्यसो त आर्थिक पाटो सबल हुने बित्तिकै शिक्षामा सुधार हुने पनि होइन तर आर्थिक पक्ष बलियो भने हुनुपर्ने उहाँको भनाइ छ । "डाकर सम्मेलनमा नेपालले २० प्रतिशत बजेट शिक्षाका लागि छुट्याउने बाचा गऱ्यो, त्यसैलाई राजनीतिक दलले चुनावी एजेन्डा बनाए", उहाँले भन्नुभयो, "तर कार्यान्वयन भने राजनीतिक दलहरूको इच्छाशक्ति देखिएको छैन ।"

**शिक्षामा किन आवश्यक हुन्छ लगानी ?**

एउटा प्रसिद्ध चिनियाँ भनाइ छ - यदि एक वर्षका लागि हो भने धान रोप, १० वर्षका लागि हो भने रुख रोप । तर तिमी सय वर्षका लागि हो भने शिक्षामा लगानी गर । यो प्रसिद्ध भनाइले शिक्षाको महत्व बुझाउँछ । तर राजनीतिक दलहरू भने शिक्षामा आमूल परिवर्तनलाई प्राथमिकतामा राखेको पाइँदैन । दलका घोषणापत्रमा गुणस्तरीय शिक्षा त भनिन्छ, तर त्यसलाई प्राप्त गर्ने प्रक्रियाका विषयमा न त उल्लेख गरिन्छ न त कार्यान्वयनका लागि पहल नै गरिन्छ ।

निर्वाचनपछि बन्ने हरेक सरकारले सरकारी तथा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नका लागि कुनै पनि योजना बनाएको पाइँदैन । हरेक वर्ष सार्वजनिक हुने नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्ने भनिन्छ तर त्यो कार्यान्वयन हुँदैन । विद्यालय तहको शिक्षा सुधार गर्नका लागि राजनीतिक दलहरूले विशेष प्राथमिकताका साथ मुद्दा बनाएको उदाहरण निकै कम भएको शिक्षाविद् डा विद्यानाथ कोइरालाको भनाइ छ ।

"घोषणापत्रमा लेखिएका विषय कार्यान्वयन गर्न नसकिने खालका छैनन्", उहाँले भन्नुभयो, "तर नेतृत्वमा पुगिसकेपछि इच्छाशक्ति र कार्यान्वयनका लागि तत्परता नदेखिँदा समस्या समाधान हुन सकेको छैन", उहाँले भन्नुभयो । उहाँका अनुसार राजनीतिक दलमा लोकप्रियताका लागि लेख्ने तर कार्यान्वयनमा जोड नदिने प्रवृत्ति हाबी भएको बताउनुहुन्छ । "गुणस्तरीय शिक्षा र साक्षरताको रटान सबै राजनीतिक दलले लगाएकै छन्, तर त्यसको कार्यान्वयन कसरी गर्ने भन्नेमा कसैको ध्यान छैन", उहाँले भन्नुभयो, "स्थानीय, प्रदेश वा सङ्घ कुन तहले गर्ने हो यकिन भए काम गर्न गाह्रो पनि छैन ।"

शिक्षाविद् शर्मा घोषणापत्र हेर्दा सबैका राम्रा भए पनि कार्यान्वयन नहुँदा विश्वास गर्ने आधार नभएको बताउनुहुन्छ । "अनिवार्य र निःशुल्क शिक्षाको नारा लामो समयदेखि लगाइँदै आएको छ तर त्यसको कार्यान्वयन नहुँदा घोषणापत्रमा लेखिएका विषयमा विश्वास लाग्न छाड्यो", उहाँले भन्नुभयो, "कार्यान्वयन नहुने हो भने जे लेखे पनि के फरक पर्छ ?"

**घोषणापत्रमा के छ ?**

अधिकांश राजनीतिक दलका घोषणापत्रमा गुणस्तरीय शिक्षा र कक्षा १२ सम्म अनिवार्य र निःशुल्क शिक्षामा जोड दिने विषय समेटिएका छ । जुन संविधान प्रदत्त अधिकार पनि हो । नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणापत्रमा गुणस्तरीय शिक्षाको महत्व उल्लेख गर्न छुटाएका छैनन् । त्यसबाहेक रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी र माओवादी केन्द्रले विज्ञान, प्रविधि, इन्जिनियरिङ (स्टिम) एजुकेसनलाई जोड दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले त सरकार जमानी बसी बिनाधितो शैक्षिक कर्जा उपलब्ध गराउने वाचा गरेको छ । विद्यार्थीले भविष्यमा कमाएर भुक्तान गर्ने गरी नेपालमै स्नातक र उच्च अध्ययन गर्नेका लागि बिनाधितो शैक्षिक कर्जा उपलब्ध गराउन आर्थिक संयन्त्रको स्थापना गर्ने घोषणापत्रमा उल्लेख छ ।

**नेपाली कांग्रेस**

नेपाली कांग्रेसको घोषणापत्रमा सामुदायिक विद्यालयका शिक्षकलाई परिणाममुखी र उत्तरदायी तुल्याउने कार्यक्रम कार्यान्वयन, विद्यालयहरूमा पुस्तकालय, इन्टरनेट, प्रयोगशालाको प्रबन्ध गरिने उल्लेख छ । लोकतन्त्र, शान्ति, मानव अधिकार र अहिंसाजस्ता अवधारणालाई विद्यालयस्तरको शैक्षिक पाठ्यक्रममा समावेश गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

कांग्रेसले निजी क्षेत्रले मुलुकको विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न पुऱ्याएको योगदानको कदर र उच्च मूल्याङ्कन गर्दै निजी क्षेत्रको सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने, निजी क्षेत्रलाई विपन्न तथा वञ्चितीकरणमा परेका वर्ग प्रति सामाजिक उत्तरदायित्व देखाउन उत्प्रेरित गर्ने उल्लेख छ ।

विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने, प्रत्येक जिल्लामा रोजगारमूलक तथा स्वउद्यम प्रवर्द्धन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्न नसकेका युवालाई रोजगारमुखी प्राविधिक शिक्षा तथा तालिम दिइनेछ पनि घोषणापत्रमा समेटिएको छ ।

प्राविधिक तथा व्यावसायिक तालिमलाई व्यापकता दिने, निजी क्षेत्रलाई रोजगारमुखी प्राविधिक शिक्षालय खोल्न प्रोत्साहन गर्ने र अति दुर्गम क्षेत्रमा समुदायिक विद्यालयहरूलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गर्ने पनि घोषणापत्रमा उल्लेख छ ।

उच्च-माध्यमिक तहसम्म कुनै पनि विद्यार्थीलाई राजनीतिक सङ्गठनको सदस्यता प्रदान नगर्न आवश्यक कदम अगाडि बढाइनेछ । स्नातक उत्तीर्ण गरेका विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्रका आधारमा शैक्षिक ऋण उपलब्ध गराइने, सबै प्रदेशमा कम्तीमा एउटा विश्वविद्यालय स्थापना, सामुदायिक तथा निजी क्षेत्रमा विश्वविद्यालय स्थापना सहज तुल्याउन विश्वविद्यालयसम्बन्धी छाता ऐन ल्याइने पनि उल्लेख छ । उच्च शिक्षा अध्ययनमा रहिआएको शिक्षण र परीक्षण विधिको सैद्धान्तिक बर्चस्वलाई न्यूनीकरण गर्दै ६० प्रतिशत सैद्धान्तिक र ४० प्रतिशत प्रयोगात्मक मूल्याङ्कन विधि अवलम्बन गरिनेछ ।

**नेकपा (एमाले)**

नेकपा एमालेले अघिल्लो निर्वाचनमा जस्तै यस निर्वाचनमा पनि दुई वर्षभित्र दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना सुनिश्चित गर्ने वाचा गरेको छ । एमालेले वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षाको हिस्सा ७० प्रतिशत पुऱ्याउने वाचा गत निर्वाचनमा जस्तै यसपटक पनि दोहोऱ्याएको छ ।

शिक्षण पेसालाई मर्यादित बनाइने र अतिरिक्त आम्दानीका लागि भौँतारिनुपर्ने अवस्था अन्त्य गरी शिक्षकलाई सम्मानजनक जीवन जिउन पुग्ने तलब सुविधा उपलब्ध गराउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ । माध्यमिक शिक्षालाई उत्पादनसँग जोड्नै जीवनोपयोगी तुल्याउन प्रत्येक पालिकामा प्राविधिक मावि स्थापना र तिनलाई गुणस्तरीय रूपमा सञ्चालन गर्न सङ्घ र प्रदेशबाट सहकार्य गरिने उल्लेख छ । देशका लागि आवश्यक जनशक्तिको विधागत तथा विषयगत माग र आपूर्तिको तुलनात्मक विश्लेषणका आधारमा राष्ट्रिय जनशक्ति प्रोफाइल तयार गरिने उल्लेख छ ।

**नेकपा (माओवादी केन्द्र)**

नेकपा (माओवादी केन्द्र)ले २०७४ सालमा जस्तै यसपटक पनि शिक्षामा २० प्रतिशत बजेट छुट्याउने भनेको छ भने छ महिनाभित्र सङ्घीय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

माओवादी केन्द्रले प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्रादेशिक विश्वविद्यालय स्थापना, प्रत्येक जिल्लामा त्रिभुवन विश्वविद्यालयको कम्तीमा एउटा आंगिक क्याम्पस स्थापनाका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

साथै, राज्यले सञ्चालन गर्ने विश्वविद्यालयलाई सङ्घीय संरचना अनुरुप हुने गरी पुनर्संरचना, लामो समयदेखि अध्यापन गराइरहेका एक लाखभन्दा बढी राहत, करार लगायतका शिक्षक तथा प्राध्यापकलाई विशेष कानुनी व्यवस्था गरी स्थायी गरिने उल्लेख गरेको छ ।

लामो समयदेखि आंशिक प्राध्यापकका रूपमा कार्यरत प्राध्यापकहरूलाई करार तथा स्थायी गराउने प्रक्रिया अगाडि बढाइनेछ । शैक्षिक क्षेत्रमा बन्दहडताललाई निरुत्साहित गरिने, विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरूको नियुक्त योग्यता र क्षमताका आधारमा गरिने र श्रम बजारको माग, विज्ञापन प्रविधिका क्षेत्रको जनशक्ति र देशको आवश्यकतालाई ध्यानमा राख्दै २० वर्षे जनशक्ति प्रक्षेपण गरी सोही अनुसारको शिक्षामा जोड दिइने घोषणा पत्रमा उल्लेख छ ।

शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिनाअघि नै अनिवार्यरूपमा पुस्तक सम्बन्धित सबै शैक्षिक संस्थामा पुग्ने व्यवस्था मिलाइने दाबी पनि माओवादी केन्द्रको प्रतिबद्धतापत्रमा उल्लेख छ । शिक्षा क्षेत्रको बृहत् गुरुयोजना तयार पारी आमूल परिवर्तनको प्रत्याभूति दिइनाका साथै कक्षा १२ पास गरेको कुनै पनि विद्यार्थी बेरोजगार बन्न नपर्ने गरी सैद्धान्तिक एवं व्यावहारिक पक्षबीच सन्तुलन हुने गरी पाठ्यक्रममा आमूल परिवर्तन गरिने प्रतिबद्धता पत्रमा दाबी गरिएको छ ।

**नेकपा (एकीकृत समाजवादी)**

नेकपा (एमाले)बाट विभाजन भई बनेको नेकपा (एकीकृत समाजवादी)ले पनि २० प्रतिशत बजेटको विषयलाई समेटेको छैन । माधवकुमार नेपाल नेतृत्वको यस पार्टीले प्रत्येक पालिकामा एउटा प्राविधिक शिक्षालय सुरु गरी प्राविधिक शिक्षामा जोड दिने भनेको छ ।

विद्यावारिधि गर्न चाहने शोधार्थीलाई एक पटकका लागि एकमुष्ट रु दुई लाख छात्रवृत्ति र कृषि, स्वास्थ्य, प्राविधिमा उच्च शिक्षा हासिल गर्नका लागि स्थानीय सरकारले छात्रवृत्ति र सहयोग गर्ने उल्लेख गरेको छ । माध्यमिक तहको शिक्षा पूरा गरेको विद्यार्थीलाई सिक्दै र कमाउँदै (लर्न एन्ड अर्न) प्रणालीलाई पढ्दै, सिक्दै र पढाइ खर्चका लागि कमाउँदै गर्ने कार्यक्रम सुरु गर्नेसमेत घोषणा गरेको छ ।

**आवधिक योजनाले के भन्छ ?**

हाल १५औं आवधिक योजना चलिरहेको छ । २०७५/७६ देखि सुरु भएको चालु आवधिक योजना २०८०/८१ मा सम्म कार्यान्वयन गरिने यस योजनामा अबको एक वर्षभित्र साक्षरता दर ९५ प्रतिशत, युवा साक्षरता दर ९९ प्रतिशत, आधारभूत तह (१-८) खुद भर्नादर ९१ प्रतिशत, माध्यमिक तह (९-१२) खुद भर्नादर १५ प्रतिशत र उच्च शिक्षाको कूल भर्ना दर खुद भर्नादर सय प्रतिशत पुऱ्याउनु पर्नेछ ।

त्यति मात्रै होइन, निजी लगानीका विद्यालयको नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्नुपर्नेछ । साथै, उच्च शिक्षा प्रदायक संस्थालाई प्रविधियुक्त सिकाइको केन्द्रका रूपमा विकास गर्दै गुणस्तर सुनिश्चित एवं प्रत्ययन प्रणाली सबल र अनिवार्य बनाउने, अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइलाई आयमूलक कार्यक्रमसँग आबद्ध गर्नेलगायतका १४ वटा रणनीति हामीले हासिल गर्नुपर्ने हुन्छ ।रासस

# सामुदायिक र निजी विद्यालयको शिक्षाको गुणस्तरमा समानता ल्याउँछु : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सामुदायिक विद्यालय र निजी विद्यालयको शिक्षाको गुणस्तरमा समानता ल्याउने दाबी गर्नुभएको छ ।

लोकतान्त्रिक-वामगठबन्धनको तर्फबाट काठमाडौँ क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएका नेता सिंहले आज बिहान घरदैलो कार्यक्रममा बोल्दै मुलुकको शिक्षाको विकासका लागि सामुदायिक र निजी विद्यालयको शिक्षाको गुणस्तरमासमानताल्याइने बताउनुभएको हो ।



नेता सिंहले घरदैलोका क्रममा मतदाताले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको माग राखिरहेको बताउँदै भन्नुभयो, "निर्वाचनमा जित हासिल गरेपछि गुणस्तरीय शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्छु ।"

उहाँले जनताले खानेपानीको समेत माग गरिरहेको बताउनुभयो। शिक्षामा समानताका लागि सङ्घीय शिक्षा ऐन बनाउँदा जोड दिने उहाँको भनाइ थियो ।

पूर्व उपप्रधानमन्त्री सिंहले मतदाताले अब पनि चुनाव जिताएर पठाउने र आफूलाई प्रधानमन्त्रीको रूपमा हेर्न चाहेको प्रतिक्रिया दिएको बताउनुभयो । नेता सिंहले काठमाडौँ क्षेत्र नं १ भित्र भएका सार्वजनिक जग्गा अनाधिकृत रूपमा प्रयोग भएकाले त्यसलाई फर्काएर सानो खेलग्राम र पार्क बनाउने आफ्नो योजना रहेको बताउनुभयो ।

संवैधानिक निकायमा राजनीतिकरण नहुने भन्दै योग्य व्यक्ति चुन्नुपर्ने उहाँको भनाइ थियो ।रासस

# आगामी पाँच वर्ष सङ्घ र प्रदेशमा गठबन्धन सरकार : मन्त्री भुसाल

काठमाण्डु।ऊर्जा,जलस्रोततथासिँचाइमन्त्री पम्फा भुसालले आसन्न निर्वाचनपछि सङ्घ र सातै प्रदेशमा गठबन्धनको स्थायी सरकार बन्ने दाबी गर्नुभएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ अन्तर्गत आज ललितपुरका विभिन्न क्षेत्रमा घरदैलो कार्यक्रमपछि गोदावरी नगरपालिका-१२ थेचोमा आयोजित चुनावी कोणसभालाई सम्बोधन गर्दै उहाँले गठबन्धन सरकारले देशको आर्थिक तथा सामाजिक विकासमा नयाँ क्रान्तिको अभियान थालनी गर्ने बताउनुभयो ।

राष्ट्रिय आवश्यकताका आधारमा वर्तमानमा गठबन्धन बनेको उल्लेख गर्दै उहाँले परिवर्तनका शक्तिको बलियो सम्बन्ध, दायित्व र जिम्मेवारीले बाम-लोकतान्त्रिक गठबन्धन बनेको स्पष्ट पार्नुभयो । "कसैले भ्रम छरेर गठबन्धन टुट्ने छैन", उहाँले भन्नुभयो, "गठबन्धनले आगामी पाँच वर्ष सङ्घ र प्रदेशमा स्थायी सरकार दिनेछ ।"

आगामी मङ्सिर ४ गते जनताले गठबन्धनको पक्षमा मतदान गरेर संविधानलाई थप बलियो बनाउने उहाँको भनाइ छ । "जनताले लोकतन्त्र र संविधानलाई बलियो बनाउने छन्", ललितपुर क्षेत्र नं ३ का उम्मेदवार भुसालले भन्नुभयो, "मुलुकलाई अग्रगति दिँदै अबको पाँच वर्षमा जनताको अपेक्षा पूरा गर्नेछौं ।" उहाँले तीनै तहका सरकारको उचित समन्वय र सहकार्यबाट भौतिक पूर्वाधार र आर्थिक विकासलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले मुलुकमा विकास र समृद्धिको यात्रा अगाडि बढाउन गठबन्धनको जित आवश्यक भएको बताउनुभयो । उहाँले गठबन्धनका उम्मेदवार विजयी भए स्थानीय तहमा आफूहरूलाई काम गर्न सहज हुने बताउनुभयो । "हामीले पाँच वर्षको अवधिमा जुन काम गऱ्यौं, त्यो कामको रफ्तार अझ अभवृद्धि हुनेछ । जनतालाई अझ बढी विकास र सेवाप्रवाहको अनुभूति दिलाउन सकिन्छ", उहाँले भन्नुभयो ।

स्थानीय तहका कामकारबाहीलाई प्रभावकारी बनाउन सङ्घ र प्रदेश सरकारको सहयोग आवश्यक पर्ने भन्दै उहाँले सङ्घीयतालाई बलियो बनाउने शक्तिलाई निर्वाचनमा विजयी गराउनुपर्ने बताउनुभयो । "ललितपुर क्षेत्र नं ३ मा गठबन्धनका साझा उम्मेदवारका रूपमा रहेकालाई जनताले विजयी गराउनुपर्छ", उहाँले भन्नुभयो, "गठबन्धनका उम्मेदवार विजयी भए मात्र हामीलाई महानगर, नगरपालिकाका सहज ढङ्गबाट काम गर्न सहज हुन्छ ।"रासस

### जी-ट्वन्टी शिखर सम्मेलन

# गम्भीर विश्वव्यापी आर्थिक चुनौतीको सामनाका लागि प्रतिवद्धता

**सिन्ह्वा**

इन्डोनेसिया । जी-ट्वन्टी समूहको १७औँ शिखर सम्मेलनले विश्वव्यापी आर्थिक चुनौतीको सामना गर्न सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ ।

दुई दिने शिखर सम्मेलनको अन्त्यमा पारित घोषणापत्रमा जी-ट्वन्टी समूहका नेताहरूले विश्वव्यापी आर्थिक पुनरुत्थान, विश्वव्यापी चुनौतीहरूको सामना गर्न र सबल, दिगो, सन्तुलित र समावेशी विकासको जग बसाल्न सहयोग आवश्यक रहेको बताएका छन् ।

समूहले विकासशील देशहरू, विशेष गरी कम विकसित र साना टापु विकासशील देशहरूलाई विश्वव्यापी चुनौतीहरूको सामना गर्न र दिगो विकास लक्ष्यहरू प्राप्त गर्न सहयोग गर्न प्रतिबद्ध रहेको बताएको छ ।

नेताहरूले रोजगारी र वृद्धि प्रदान गर्ने सुदृढ, समावेशी र लचिलो विश्वव्यापी पुनरुत्थान र दिगो विकास हासिल गर्न समन्वय गर्ने बताएका छन् ।

यसैबीच, समूह बीसका नामले परिचित विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रहरूलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी-ट्वेन्टीको सत्रौँ शिखर सम्मेलनले समूहको अध्यक्षता भारतलाई हस्तान्तरण गरेको छ ।

समूहका अध्यक्ष एवम् इण्डोनेसियाका राष्ट्रपति जोको विडोडोले बुधबार शिखर बैठक समापान समारोहमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई औपचारिकरूपमासमूहकोअध्यक्षता हस्तान्तरण गर्नुभएको हो ।

जी ट्वेन्टीको अध्यक्षता सम्हाल्नु भारत र हरेक भारतीय नागरिकका निम्ति गर्वको विषय भएको बताउँदै अठारौँ शिखर सम्मेलन भारतका विभिन्न शहरमा आयोजना गरिने तथा समूहलाई परिवर्तनको संवाहक बनाउन उत्प्रेरक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# भारतलाई जी ट्वेन्टीको अध्यक्षता हस्तान्तरण




**एएनआई**

बाली । समूह बीसका नामले परिचित विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रहरूलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीको सत्रौँ शिखर सम्मेलनले समूहको अध्यक्षता भारतलाई हस्तान्तरण गरेको छ ।

समूहका अध्यक्ष एवम् इण्डोनेसियाका राष्ट्रपति जोको विडोडोले आज यहाँ शिखर बैठक समापान समारोहमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई औपचारिकरूपमा समूहको अध्यक्षता हस्तान्तरण गर्नुभएको हो ।

जी ट्वेन्टीको अध्यक्षता सम्हाल्नु भारत र हरेक भारतीय नागरिकका निम्ति गर्वको विषय भएको बताउँदै अठारौँ शिखर सम्मेलन भारतका विभिन्न शहरमा आयोजना गरिने तथा समूहलाई परिवर्तनको संवाहक बनाउन उत्प्रेरक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समूहको अध्यक्षता पाएको भारतले त्यसलाई समावेशी, महात्वाकांक्षी, निर्णायक एवम् कार्यउन्मुख बनाउने दृढता उहाँले व्यक्त गर्नुभयो ।

त्यसअघि उहाँले 'डिजिटल' रूपान्तरणबारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# बङ्गलादेशको प्रतिव्यक्ति आय वृद्धि

**सिन्ह्वा**

ढाका ।
बङ्गलादेशको प्रतिव्यक्ति आय वृद्धि अघिल्लो बर्षको तुलनामा बढेको छ ।

आर्थिक वर्ष २०२१/०२२ (जुलाई २०२१ देखि जुन २०२२) को बङ्गलादेशको प्रतिव्यक्ति आय दुई हजार ८२४ अमेरिकी डलर पुगेको बुधबार सार्बजनिक पछिल्लो आधिकारिक तथ्याङ्कले देखाएको छ । अघिल्लो आर्थिक वर्ष २०२०-०२१ (जुलाई २०२० देखि जुन २०२१) मा बङ्गलादेशको प्रतिव्यक्ति आय दुई हजार ५९१ डलर रहेको थियो ।

प्रधानमन्त्री शेख हसिनाको अध्यक्षतामा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकमा प्रस्तुत गरिएको प्रतिवेदनअनुसार सन् २०२१/०२२ मा बङ्गलादेशको कूल गार्हस्थ उत्पादन वृद्धिदर ७.२५ प्रतिशत पुगेको छ ।

बङ्गलादेशको तथ्याङ्क विभागले आर्थिक वर्ष २०२१-०२२ मा देशको कूल गार्हस्थ उत्पादन चार खर्ब ६५ अर्ब डलर पुगेको जनाएको छ । बङ्गलादेशमा पछिल्लो समय इन्धन अभाब, उर्जा सङ्कट र विश्वव्यापी खाद्यान्न समस्यालगायतका कारण आर्थिक मन्दी बढेको भन्दै यसलाई सम्बोधन गर्न विभिन्न तहमा बहस चलिरहेको छ ।

# पोल्यान्डमाथि सुनियोजित आक्रमणको कुनै आभास देखिँदैन : नेटो प्रमुख

**सिन्ह्वा**

ब्रसेल्स । नेटोका महासचिव जेन्स स्टोलटेनबर्गले पोल्याण्डमा भएको घातक विस्फोट युक्रेनी विमानभेदी प्रतिरोधको परिणाम भएको बताउनुभएको छ ।

उहाँले युक्रेन युद्धको कारण घट्ने कुनैपनि दुर्घटनाको अन्तिम जिम्मेवारी रूसको हुनुपर्ने दावी गर्दै पोल्याण्डको सीमा क्षेत्रमा भएको विस्फोटमा पोल्याण्डविरोधी आक्रमणको कुनै आभास नभेटिएको बताउनुभएको छ ।

नेटोका राजदूतहरूको बैठकको अध्यक्षता पछि स्टोलटेनबर्गले भन्नुभयो,"यस घटनाको अनुसन्धान जारी छ, र हामीले यसको परिणामको प्रतीक्षा गर्न आवश्यक छ । तर हामीसँग यो जानाजानी गरिएको आक्रमणको परिणाम थियो भन्ने कुनै सङ्केत छैन ।'

"हाम्रो प्रारम्भिक विश्लेषणले युक्रेनी हवाई प्रतिरक्षा क्षेप्यास्त्रले युक्रेनी भूमिको रक्षाका लागि रूसी क्रुज क्षेप्यास्त्र आक्रमणबाट बच्नका लागि प्रहार गरेको हुन सक्ने देखाएको छ,' नेटोद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

# आरिफ र गुलशनको ब्याटिङमा नेपाल विजयी



**टुडे समाचारदाता**

काठमाण्डु । आरिफ शेख र गुलशन झाले अर्धशतकीय साझेदारी गरेपछि नेपालले दोस्रो एकदिवसीय अन्तर्राष्ट्रियमा यूएईलाई ३ विकेटले पराजित गरेको छ । आरिफ र गुलशनले सातौं विकेटको साझेदारीमा ६२ रन जोडेपछि नेपालले १ सय ९२ रनको लक्ष्य ४७.५ ओभरमा पुरा गऱ्यो ।

गुलशनले ३७ रन बनाए । उनले ४९ बल खेल्दै ४ चौका र १ छक्का प्रहार गरे । आरिफ ३३ रनमा अविजित रहे । उनले ५८ बल खेल्दै ३ चौका प्रहार गरे । विजयी चौका प्रहार गरेका सोमपाल १६ बलमा १६ रन बनाए । उनले २ चौका प्रहार गरे ।

यो नतिजासँगैं नेपालले तीन खेलेको शृंखला १-१ बराबरीमा ल्याएको छ । पहिलो खेलमा नेपाल ८४ रनले पराजित थियो । तेस्रो तथा अन्तिम खेल शुक्रबार हुनेछ । नेपालको सुरुआत राम्रो थिएन । अर्जुन साउद इनिङ्सको चौथो बलमै थर्डमा क्याच दिन पुगे । अर्का ओपनर आसिफ शेख टप एज लागि ६ रनमा आउट भए भने कप्तान रोहित पौडेलले पनि ८ रनमात्र बनाउन सके ।

पूर्वकप्तान ज्ञानेन्द्र मल्लले चार सुन्दर चौका प्रहार गर्दै ५९ बलमा २६ रन बनाए । दीपेन्द्रसिंह ऐरी १३ रनमा आउट भए । कुशल भूर्तेलको इनिङ्सले नेपाली ब्याटिङमा आशा देखाएको थियो । उनले ५२ बल खेल्दै ६ चौका प्रहार गरे । ज्ञानेन्द्र र आरिफ दुवैले आफ्नो इनिङ्सका क्रममा एकदिवसीय अन्तर ाष्ट्रियमा ५ सय रन पूरा गरेका थिए ।

यसअघि उत्कृष्ट पुनरागमन गर्दै नेपालले यूएईलाई ठूलो स्कोर जानबाट रोकेको थियो । पहिलो १० ओभरमा बिना क्षति ७० रन जोडेर आक्रामक सुरुआत गरेको यूएईलाई नेपालले ४३.२ ओभरमा १ सय ९१ रनमा अलआउट गरेको थियो । ललित राजवंशी र सोमपाल कामीले ३-३ विकेट लिँदै यूएईको मध्यक्रमलाई भत्काएका थिए । ललितले १० ओभरमा ४१ र सोमपालले ७.२ ओभरमा ३५ रन खर्चे । करण केसी, गुलशन झा, दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेलले १-१ विकेट लिए । मोहम्मद वासिम र वृत्य अर्भिन्दले टस जितेर ब्याटिङमा आएको यूएईलाई उत्कृष्ट सुरुआत दिलाएका थिए । उनीहरुले १२ ओभरभित्र ७२ रन जोडेका थिए । वृत्यलाई २५ रनमा आउट गरी नेपालले पहिलो विकेट लिएको थियो । दीपेन्द्रको बलमा सोमपालले मिडविकेटमा क्याच लिएपछि वृत्य ३९ बलमा २५ रन बनाई आउट भए ।

वामिसले ५० रन बनाए । उनी ललितको एकदिवसीय अन्तर्राष्ट्रियमा पहिलो सिकार भए । वामिसले ४६ बल खेली ३ चौका र ४ छक्का प्रहार गरे । सोमपालले पूर्वकप्तान रोहन मुस्ताफालाई ४ रनमा बोल्ड गरे । ललितले जस्तै कुशलले पनि एकदिवसीय अन्तर्राष्ट्रियमा आफ्नो पहिलो विकेट लिए । कुशलको लेग स्पिनमा यूएईका कप्तान सीपी रिजवान २२ रनमा रोहितबाट समातिए । रिजवानले ३४ बल खेली २ चौका प्रहार गरे ।

एलिसन सराफुले ३५ रन बनाए । उनले ४३ बल खेली ३ चौका प्रहार गरे । डेब्यु गरिहेका विष्णु सुकुमरन १५ रनमा आउट भए । बसिल हमिदले २६ बल खेली १ चौका र २ छक्का प्रहार गरि २४ रन जोडे । पहिलो खेलमा ८४ रनले पराजित भई तीन खेलको शृंखलामा पछाडि परेको नेपाली टोलीमा एक परिवर्तन गरिएको छ । हरिशंकर शाहको स्थानमा आरिफ शेखलाई ल्याइएको छ । हरिशंकरले पहिलो खेलबाट एकदिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गरेका थिए ।

# राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव गुरुङलाई स्पष्टीकरण

काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलाई नेकपा (माओवादी केन्द्र) को प्रचारप्रसारमा संलग्न रहेको विषयमा स्पष्टीकरण सोधेको छ । सदस्यसचिव घिसिङ्ले रामेछाप जिल्लामा सो दलको प्रचारप्रसारमा संलग्न रहेको विषयमा उजुरी परेपछि आयोगले २४ घण्टाभित्र निर्वाचन आयोगमा प्राप्त हुने गरी लिखित स्पष्टीकरण पेस गर्न पत्र पठाएको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन । घिसिङलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम जरिवाना र ऐनको दफा ४४ बमोजिम विभागीय कारबाही हुन सक्ने भएकाले उक्त कारबाही किन हुनु नपर्ने हो ? भनी स्पष्टीकरण सोधिएको छ ।रासस

# नेपालले पाकिस्तानलाई हरायो

काठमाण्डु । अन्तराष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलमा नेपालले पाकिस्तानलाई पराजित गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा



आज भएको खेलमा नेपालले पाकिस्तानलाई १-० गोअन्तरले पराजित गर्दै विजयी भएको हो । यस जितसँगै नेपालले दशरथ रङ्गशालामा ५० औँ खेल पूरा गऱ्यो । यसअघि दशरथ रङ्गशालामा सन् १९८४ मा आयोजना भएको पहिलो दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले औपचारिक खेल खेलको थियो ।

नेपालको जितमा अन्जन विष्ट नायक बने । उनले खेलको ८२ औँ मिनेटमा गरेको एक गोल नै नेपालको लागि निर्णायक गोल सावित भयो । सुनिल बलको पासलाई सदुपयोग गर्दै अन्जनले गोल गरेका थिए ।

पाकिस्तान विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) को निलम्बन फुकुवा भएपछि पहिलो अन्तर्राष्ट्रिय खेल खेल्न नेपाल आएको हो ।

नेपालले पछिल्लो पटक पाकिस्तानसँग सन् २०१८ मा खेलेको थियो । बङ्गलादेशको ढाकामा भएको साफ च्याम्पियनसिपमा नेपाल पाकिस्तानसँग २-१ गोलअन्तरले पराजित भएको थियो ।रासस

# अण्डर–१९ क्रिकेटको उपाधि धनुषालाई

**टुडे समाचारदाता**

जनकपुरधाम । अण्डर-१९ क्रिकेट प्रतियोगितामा धनुषा क्रिकेट टीम विजयी भएको छ । रौतहटको गौरमा जारी प्रदेश स्तरीय प्रतियोगितामा धनुषाले सो खेलमा महोत्तरीलाई १ सय ४६ रनले पराजित गर्दै धनुषा विजयी भएका छन् । धनुषा क्रिकेट टीमले पहिले ब्याटिङ गरेका थिए। धनुषाले ३४ ओभर ४ बलमा सबै विकेट गुमाएर महोत्तरी समक्ष २०६ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

महोत्तरी क्रिकेट टीम निकै कमजोर प्रदर्शन गरेका थिए । महोत्तरीका खेलाडीहरु १८ ओभर ५ बलको सामना गर्दै सबै विकेट गुमाएर मात्र ५९ रन बनाउन सकेका थिए । धनुषाका लागि अकबर अलिले सर्वाधिक ५७ बलमा ४५ रन, अभिजित मण्डलले २१ बलमा ३४ रन र रञ्जित यादवले २९ बलमा २७ रनको योगदान दिएका थिए । धनुषाका



साजन यादव र मनोज यादवले १९/१९ रन बनाएका थिए । विक्रान्त यादवले १५ र रुपेश यादवले १४ रन बनाएका थिए । धनुषाका यी बाहेक अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । महोत्तरीको लागि बलिङ गर्दै रमन मण्डलले तीन ओभर चार बलमा २३ रन खर्चेर तीन विकेट, नितेश यादव, प्रसिद्ध दास र दीपेशले दुई/दुई विकेट लिएका थिए । ब्याटिङमा महोत्तरीको खेलाडीहरु राम्रो प्रदर्शन गर्न सकेका थिएनन् । महोत्तरीका सुवासले १२ बलमा २१ रन र प्रसिद्ध दासले २५ बलमा १५ रन बनाए । महोत्तरीका अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

धनुषाका लागि बलिङ गर्दै रुपेश यादवले ६ ओभर ५ बलमा मात्र ८ रन खर्चेर पाँच विकेट लिए । यादवले उत्कृष्ट बलिङ गरेका थिए । उनले तीन मेडन ओभर पनि गरेका थिए । खेलको म्यान अफ द म्याच पनि रुपेश नै घोषित भएका थिए । यस्तै,धनुषा अभिजित मण्डल र विक्रान्त यादवले दुई/दुई विकेट लिएका थिए । प्रतियोगिताको बेस्ट ब्याट्स म्यान म्यानक यादव भएका थिए ।

# फुटबलले वर्तमान् विश्वलाई एकताबद्ध गर्ने इन्फान्टिनोको विश्वास

**एएफपी**

बाली । फुटबलको फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले फुटबल एउटा खेलभन्दा पनि धेरै ठूलो कुरा भएको र यसले मानिसहरूलाई एक ठाउँमा ल्याउने 'अद्वितीय जादुयी' शक्ति भएको बताउनुभएको छ । कतारमा हुने सन् २०२२ को फिफा विश्वकपको पूर्वसन्ध्यामा सिन्ह्वालाई दिएको विशेष अन्तर्वार्तामा इन्फान्टिनोले फुटबलले विश्वलाई एकताको सन्देश दिने बताउनुभएको हो ।

इन्डोनेसियाको बालीमा जारी जी-ट्वन्टी शिखर सम्मेलनमा भाग लिने क्रममा इन्फान्टिनोले विश्वका नेताहरूलाई तनाव र द्वन्द्वलाई त्यागेर कतारमा नोभेम्बर २० देखि डिसेम्बर १८ सम्म आयोजना हुने चतुष्कोणीय फुटबल प्रतियोगिताको आनन्द लिन आह्वान गर्नुभएको छ । उहाँले भन्नुभयो, "विश्वकप खुशी र एकताको अवसर हुनुपर्छ । यसले आशाको सन्देश दिनुपर्छ ।'

फिफा प्रमुख इन्फान्टिनोले थप्नुभयो, "फुटबल पनि एक महत्वपूर्ण आर्थिक गतिविधि हो । यसको विश्वव्यापी कूल आम्दानी सयौं अर्ब अमेरिकी डलर छ । यसले लाखौं रोजगारी सिर्जना गर्दछ र आर्थिक वृद्धिलाई बढावा दिन्छ ।' "यो वृद्धि, आर्थिक वृद्धिको कुरा हो,' उहाँले थप्नुभयो । इन्फान्टिनोले कतारमा हुने फिफा विश्वकपमा विश्वको जनसङ्ख्याको आधाभन्दा बढी अर्थात् पाँच अर्ब मानिसले अवलोकन गर्ने अपेक्षा गरिएको बताउनुभयो ।

सन् २०३१ मा फिफा महिला विश्वकप आयोजनाका लागि चीनको योजना रहेको उल्लेख गर्दै इन्फान्टिनोले फुटबल क्लब र युवा फुटबलमा चीनको संलग्नतासँगै यो कदमले फुटबल विकासमा क्षेत्रीय असन्तुलनलाई सम्बोधन गर्न मद्दत गर्ने र खेलको समग्र विकासका लागि महत्वपूर्ण रहेको उहाँको धारणा थियो । इन्फान्टिनोले भन्नुभयो, "फुटबलले मानिसको भावनालाई छुन्छ । यसले आवेगसँगै र समावेशीकरणलाई महत्व दिन्छ ।'

उहाँले भन्नुभयो, "जब तपाईं केटी वा केटालाई बल दिनुहुन्छ, वा अलि ठूलो उमेरको व्यक्तिलाई पनि बल दिनुहुन्छ, उनीहरू यसबाट खुसी हुन्छन्, मुस्कुराउन थाल्छन् । यसमा शत्रुतालाई एकतामा परिणत गर्ने गुह्य लुकेको छ ।'

# ओमानी ट्याङ्करमा आक्रमणका लागि इरानी उक्साहट : इजरायली अधिकारी

**एएफपी**

जेरुसेलम । ओमानको तटीय क्षेत्रमा एक ट्याङ्करमा भएको आक्रमण 'इरानको उक्साहट' को परिणाम भएको र यसको उद्देश्य कतारमा विश्वकप सुरु हुनुअघि 'वातावरण बिगार्ने' रहेको एक इजरायली अधिकारीले बुधबार एएफपीसँग बताएका छन् ।

नाम नबताउने शर्तमा ती अधिकारीले भने, "युक्रेनमा प्रयोग गर्नका लागि रूसलाई इरानले बेचेको वारहेडले सुसज्जित मानवरहित विमान ड्रोन शाहेद १३६ द्वारा ओमनी तटीय क्षेत्रमा ट्याङ्करमाथि आक्रमण भएको भेटिएको छ ।'

इजरायली अधिकारीले इजरायली अर्बपति इदान ओफरको स्वामित्वमा रहेको ट्याङ्करमा भएको आक्रमण इजरायलविरुद्ध 'इरानी विजय' भएको भन्ने आरोपलाई अस्वीकार गरेका छन् ।

"यो इजरायली ट्याङ्कर होइन,' ती अधिकारीले भने ।

इरान र इजरायल कटु शत्रु हुन् र दुई शक्तिराष्ट्रबीच 'छायाँ युद्ध' का कारण दुवै पक्षका पानीजहाजमाथि आक्रमणको लहर चलेको छ, जसमा उनीहरूले एकअर्कालाई दोष दिएका छन् ।

सन् २०२१ को जुलाई २९ मा ओमानको समुद्री तटबाट उडिरहेको एमभी मर्सर स्ट्रिटमा इजरायलसँग जोडिएको ट्याङ्करमा भएको ड्रोन आक्रमणमा एक पूर्व बेलायती सैनिक र एक रोमानियाली नागरिकको मृत्यु भएको थियो ।

तेहरानले उक्त आक्रमणको जिम्मेवारी लिन अस्वीकार गरेको छ ।

# कार्बन उत्सर्जन न्यून गर्ने योजना कार्यान्वयन गर्न नेपालको आग्रह

इजिप्ट । नेपालले विकसित र उदयीमान अर्थतन्त्र भएका मुलुकलाई आफ्ना 'राष्ट्रियरूपमा निर्धारित योगदान' (एनडिसी) अद्यावधिक गरी थप महत्वाकांक्षी लक्ष्यहरू निर्धारण गर्न आग्रह गरेको छ।

इजिप्टको शार्म एल-शेखमा नोभेम्बर ६ देखि सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्ष राष्ट्रको २७औँ सम्मेलन (कोप-२७) मा नेपालले सो विषयमा राष्ट्रिय अवधारणा प्रस्तुत गरेको हो।



उदीयमान अर्थतन्त्र भएका मुलुक चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिका, अर्जेन्टिना, इरानलगायतको विश्व कार्बन उत्सर्जनमा झण्डै दुई तिहाइ योगदान छ। सम्मेलनमा मङ्गलबार नेपालका तर्फबाट वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेलले नेपाली प्रतिनिधिमण्डलको प्रमुखका रूपमा राष्ट्रिय अवधारणा प्रस्तुत गर्नुभएको छ।

सम्मेलनको प्रारम्भ नोभेम्बर ७ र ८ मा भएको 'उच्चस्तरीय सत्र'मा नेपालबाट राष्ट्र प्रमुख वा सरकार प्रमुखको सहभागिता नभएकाले नेपालले उक्त सत्रमा राष्ट्रिय सम्बोधन गर्न पाएको थिएन।

'उच्चस्तरीय सत्र'मा सम्बोधन गर्न नपाएका मुलुकहरूले मङ्गलबार भएको सत्रमा आफ्ना राष्ट्रिय अवधारणा प्रस्तुत गरेका छन्। कार्यक्रममा सचिव कँडेलले जलवायु लक्ष्य र प्रतिबद्धतामा अन्तर नभएको उल्लेख गर्दै कार्यान्वयनको अभाव रहेको बताउनुभयो। सचिव कँडेलले भन्नुभयो, "फलस्वरूप, उत्सर्जन अन्तर बढ्दै गएको छ र तापमान सीमित गर्ने प्रयास ओझेलमा पर्दै गएका छन्।"

कोप-२१ पेरिस सम्मेलनमा राष्ट्र र सरकार प्रमुखहरूले विश्वको औषत तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने र यस शताब्दीमा तापमान वृद्धि दुई डिग्री सेल्सियसभन्दा कम राख्ने लक्ष्य राखेका थिए। यद्यपि हालैको उत्सर्जन अन्तर प्रतिवेदनले तापक्रम स्तर र उत्सर्जन घटाउन अपर्याप्त प्रगति भएको देखाएको छ।

"यसकारण, हामी आशा गर्छौं कि कोप-२७ ले हाम्रा प्रतिबद्धताको समीक्षा गर्न र ऐतिहासिक पेरिस सम्झौतामा डेलिभर गर्न एकता नवीकरण गर्न केन्द्रित हुनेछ", उहाँले भन्नुभयो। हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान भए पनि नेपाल, कमजोर भू-परिवेष्ठित पहाडी देश भएकाले जलवायु परिवर्तनको नकारात्मक प्रभावको सामना गरिरहेको छ।

परिस्थितिकीय प्रणालीमा महत्वपूर्ण योगदान भएका हिमालमा नाजुक पारिस्थितिक प्रणाली भएकाले जलवायु सङ्कटले यसलाई पहिले भन्दा झनै नाजुक बनाउँदै लगेको सचिव कँडेलले बताउनुभयो। साथै चरम हावापानीका घटनाका कारण, नेपालले विभिन्न रूप र हदसम्म जलवायु-प्रेरित प्रकोपहरूको सामना गरिरहेको बताउँदै उहाँले यसले अर्थतन्त्र, पारिस्थितिकी प्रणाली र मानवतालाई ठूलो नोक्सान पुऱ्याइरहेको उल्लेख गर्नुभयो।

हिमालबाट पग्लिने हिउँ र बरफले समुद्री सतह बढ्न योगदान पुऱ्याउने र यी दुई क्षेत्र आपसमा जोडिएको उल्लेख गर्दै उहाँले हिमालहरूले अझै समानस्तरको ध्यान प्राप्त गर्न नसकेको बताउनुभयो।

नेपालले आफ्नो पछिल्लो 'एनडिसी'मा सन् २०४५ सम्म शून्य उत्सर्जनमा पुग्न उच्च जलवायु महत्वाकांक्षा उठाएको छ। स्थानीय सरोकारवालाको सहभागितामार्फत् स्थानीय नेतृत्व अनुकुलनको प्रभावकारी कार्यान्वयनका लागि यो विश्व मै अग्रणी हो। नेपालले वन फँडानीलाई नियन्त्रण गरी ४५ प्रतिशत वन ढाँचा कायम गर्ने लक्ष्य हासिल गरेको छ।

"जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी सबै नीति लागू छन्। हाम्रो विकास मोडल हरियो, लचिलो र समावेशी छ, प्रचुर मात्रामा जल, वन र जैविक विविधताका स्रोत भएकाले नेपालले यस क्षेत्रमा स्वच्छ, हरियाली र प्रकृतिमा आधारित जलवायु समाधान बाँडफाँट गर्न योगदान दिनसक्छ", सचिव कँडेलले भन्नुभयो।

तथापि, ती सबै महत्वाकांक्षा र योजनालाई कार्यमा रूपान्तरण गर्न नेपाललाई ठूलो स्रोत, प्रविधि र क्षमता चाहिने उहाँको भनाइ छ। नेपालजस्ता आर्थिक र वातावरणीय दृष्टिले कमजोर मुलुकलाई पर्याप्त प्राविधिक र आर्थिक सहयोग सुनिश्चित गर्न विकसित देशहरूलाई उहाँले आग्रह गर्नुभयो।

सचिव कँडेलले सम्मेलनका वार्ता प्रक्रियामा यस ग्रह र मानवताका लागि हिमाल बचाउन पर्वतीय एजेन्डालाई समावेश गर्न विश्व समुदायलाई अनुरोध गर्नुभयो। जलवायुजन्य हानिनोक्सानीमा वित्तीय सुविधा आफूहरूको न्यूनतम् सीमा रेखा भएको बताउँदै उहाँले जलवायु सङ्कटको सामना गर्नको लागि तत्काल कार्यको आवश्यकतालाई प्रतिबिम्वित गर्दै, आगामी कोप-२७ सम्मेलनलाई अर्को पुस्ताका लागि दिगो रूपमा यो पृथ्वी हस्तान्तरण गर्ने अर्को कोसेढुङ्गा बनाउने अवसर भएको धारणासमेत व्यक्त गर्नुभयो।

**नेपालका एजेण्डामा प्रगति**

सम्मेलनमा नेपालले प्राथमिकताका साथ उठाउँदै आएको जलवायु परिवर्तनबाट हुने हानिनोक्सानीको एजेण्डाले औपचारिक रूपमा प्रवेश पाएको छ। वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा बुद्धिसागर पौडेलका अनुसार यस विषयमा नेपालले प्राथमिकताका साथ महत्वपूर्ण प्रगति हुनुपर्छ भन्दै आएकोमा सम्मेलनमा यो विषयले औपचारिक प्रवेश पाएको हो। सम्मेलनमा सन् २०२३ र २०२४ मा छलफल गरेर अबको दुई वर्षमा यस विषयमा छिनोफानो गरेर निर्णयमा पुग्ने सहमति भएको छ। हाल नेपालले जिडिपीको करिब दुई प्रतिशत जलवायु जन्य हानिनोक्सानी बेहोरिरहेको अनुमान छ।

त्यस्तै स्टकल्यान्डको ग्लास्गोमा गत वर्ष सम्पन्न कोप-२६ मा हानि तथा नोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क)लाई स्थापना गरेर कार्यान्वयनमा ल्याउनका लागि एक वर्षभित्रमा थप काम गर्दै जाने सहमति भएको थियो।

यस सम्मेलनमा अर्को अनुकूलनको क्षेत्रमा पनि उपलब्धि हासिल भएको छ। मन्त्रालयले यस क्षेत्रमा योजना र टार्गेट निर्धारण गरी कार्यान्वयनका लागि वित्तीय सुविधा हुनुपर्छ भन्दै आएको थियो। यस विषयमा उच्चस्तरीय सत्रमा धेरै देशमा राष्ट्र प्रमुख र सरकार प्रमुखले पनि अनुकूलनको क्षेत्रको बजेट यथेष्ट नभएको सम्बन्धमा धारणा व्यक्त गर्नुभएको थियो।

विश्व नेताहरूले यसमा वित्तीय सुविधा बढाउनुपर्छ भन्नेमा बोल्नुभएकाले यसमा पनि सहमति भएको देखियो। अनुकूलनमा ध्यान दिनुपर्छ र वित्त सुविधा बढाउनुपर्छ भन्ने नेपालको मुद्दामा प्रगति भएको छ। यसका साथै नेपालले आफू जस्तै अति कम विकसित देशहरू र साना टापु विकासशील राज्यहरूले हरित जलवायु कोष र अन्य कोषमा विशेष गरी आवेदन प्रक्रियाहरूको सरलीकरण र क्षमता अवरोध हटाउन, जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्तरूपमा बहस तथा पैरवी गरिरहेको छ।

आगामी मङ्सिर २ गतेसम्म चल्ने सम्मेलनमा एक सय ९७ पक्ष राष्ट्रका करिब ३० हजार सरकारी अधिकारी, गैरसरकारी संस्था पदाधिकारी, अनुसन्धानकर्ता, वन वातावरण विषयका विज्ञ, नागरिक समाज र सञ्चारकर्मीलगायतको सहभागिता रहनेछ।रासस

# तीन महिनामा दुई खर्ब ८१ अर्ब विप्रेषण भित्रियो

काठमाण्डु । गतवर्षको तुलनामा चालु आर्थिक वर्षको तीन महिनामा विप्रेपण आप्रवाहमा १७ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा दुई खर्ब ८१ अर्ब पाँच करोड विप्रेषण भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.१ प्रतिशतले घटेको छ। अमेरिकी डलरमा आप्रवाह ७.९ प्रतिशतले वृद्धि भई रु दुई अर्ब १९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले घटेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागिअन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या १२३.१ प्रतिशतले वृद्धि भएको छ। सो अवधिमा एक लाख ४७ हजार नौ सय ३२ जनाले श्रम स्वीकृति लिएका छन्।

वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६६.२ प्रतिशतले वृद्धि भएको छ। सो अवधिमा ५७ हजार आठ सय ६१ जनाले पुनः श्रम स्वीकृति लिएका छन्। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २१९.७ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर १७.१ प्रतिशतले वृद्धि भई रु तीन खर्ब १० अर्ब ४० करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ७.६ प्रतिशतले घटेको थियो।रासस

# विचौलियाको पछि नलाग्नूस् : श्रम मन्त्रालय

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारसँग सम्बन्धित सम्पूर्ण सेवा अनलाइनबाट लिन सकिने बनाइएको जनाउँदै विचौलियाका पछि नलाग्न सम्पूर्णमा आग्रह गरेको छ।

मन्त्रालयले बुधवार एक विज्ञप्ति जारी गर्दै अनलाइनमार्फत प्राप्त हुने सेवाका लागि भौतिक रूपमा कार्यालयमा उपस्थित भई भीडभाड गर्ने र अनावश्यक समस्या सिर्जना गर्ने काममा संलग्न नहुन तथा सेवा प्रवाहका क्रममा विचौलिया वा अन्य कुनै व्यक्तिको प्रभावमा नपर्न आग्रह गरेको हो।

मन्त्रालयका सहप्रवक्ता डा थानेश्वर भुसालले सेवा प्रवाह हुने निकायबाट अनलाइन माध्यमबाट नै सबै प्रकारका सेवा आ-आफ्नो स्थानबाट प्राप्त गर्न सबै सेवाग्राहीमा अनुरोध गर्नुभयो। हाल सेवाग्राहीको नाममा विचौलिया कार्यस्थलमा प्रवेश गरी कर्मचारीलाई कार्यसम्पादनमा असर गर्ने, विधि र प्रक्रिया नमिलेका काम गर्न अनेकन दबाब दिने, प्रलोभनमा पार्न प्रयत्न गर्ने र आफ्नो निहित स्वार्थ पूरा नहुँदा कार्यालयको काम कारबाहीप्रति नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति बढेको मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयबाट प्रवाह गरिने सबै सेवा अनलाइन प्रणालीमा आबद्ध गरिएको उहाँले जानकारी दिनुभयो। सरकारले यी निकायबाट सेवा प्राप्त गर्न स्वदेश तथा विदेशमा रहेका सेवाग्राही विभाग वा कार्यालयमा भौतिक रूपमा उपस्थित हुन नपर्ने गरी व्यवस्था मिलाएको छ। कानुनबमोजिम लाग्ने दस्तुर अनलाइन प्रणालीबाटै भुक्तानी गर्ने व्यवस्था गरिएको छ।

वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालयबाट हुने सेवा प्रवाहको मन्त्रालयस्तरबाटनिरन्तरप्रणालीमार्फत तथा स्थलगतरूपमा अनुगमन भइरहेको सहप्रवक्ता भुसालले जानकारी दिनुभयो। मन्त्रालयको उच्च व्यवस्थापन समूहको बैठकमा विभागीय प्रमुखसमेतको उपस्थितिमा सेवा प्रवाह र गुनासो सम्बोधन सम्बन्धमा सघनरूपमा छलफल गरी सोको निराकरण गर्ने व्यवस्था गरिएको उहाँको भनाइ छ।रासस

### नेपाल बैंक

# असफलताको नमिठो पाठदेखि सफलताको कथासम्म

काठमाण्डु । नेपालको पहिलो बैंक कुन होला ? आम मानिसलाई सोध्दा सहजै उत्तर दिन्छन् - नेपाल बैंक। मुलुकको नामबाटै राखिएको यो बैंकको आफ्नै गौरवपूर्ण इतिहास छ। नियामक निकायका रूपमा रहेको नेपाल राष्ट्र बैंकभन्दा पनि जेठो यस बैंकले अनेकन घुम्ती, मोड र सुखदुःख व्यहोरेको छ।

बैंकिङ प्रणालीको सामान्य सिद्धान्त विपरीत दिइएका कर्जाका कारण कुनै समय समस्यामा परेको सो बैंक पछिल्ला दिनमा भने अन्य निजी क्षेत्रका संस्था जस्तै सबल र सक्षम बन्दै गएको छ।

सो बैंकका वित्तीय विवरणले पनि अब सबल संस्थाका रूपमा नेपाल बैंक आफ्नो गन्तव्यमा स्पष्ट छ भन्ने सन्देश दिएको छ। विसं १९९४ देखि २०१३ सम्म देशको केन्द्रीय बैंकको भूमिका समेत निर्वाह गरेको गौरवपूर्ण इतिहास समेत बोकेको छ।

नेपाली बजारमा भारतीय रुपैयाँको दबदबा रहेको समयमा आफ्नै देशको मुद्रा प्रचलनमा ल्याउन नेपाल बैंकले खेलेको भूमिका इतिहासका पानामा स्वर्णिम अक्षरले लेखिएका छन्। विसं १९९४ कात्तिक ३० गते सोमबार लक्ष्मीपूजाका दिन स्थापना भएको सो बैंक आजदेखि ८६ वर्षमा प्रवेश गरेको छ। नेपालको समग्र आर्थिक एवं वित्तीय क्षेत्रको एउटा ऐनाका रूपमा रहेको बैंकले विगतमा अनेकन आरोह अवरोह भोगेको छ।

बैंकको उद्घाटन तत्कालीन राजा त्रिभुवनले गर्नुभएको थियो। विश्वव्यापी रूपमा बैंकिङको अभ्यास धेरै पहिले भए पनि नेपालमा भने २०औँ शताब्दि कुर्नुपरे पनि नेपालको नामसँगै जोडिएको यो बैंक सार्वजनिक निजी साझेदारीमा ढाँचामा सुरु भएको पहिलो वित्तीय संस्था हो।

स्थापना गर्दा बैंकमा १० जना लगानीकर्ता थिए। सुरुवाती वर्षमा रु आठ लाख ४२ हजार चुक्तापूँजी र रु १७ लाख निक्षेपबाट सुरु भएको बैंकले गत असोज मसान्तसम्म रु एक खर्ब ९७ अर्ब बराबर निक्षेप सङ्कलन गरेको छ।

त्यस्तै रु एक खर्ब ७३ अर्ब ५४ करोड बराबरको कर्जा प्रवाह गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले जानकारी दिनुभयो।

छ्यासी वर्ष पहिले सुरु भएको सो बैंकको चुक्ता पूँजी हाल रु १४ अर्ब ४० करोड बराबर छ। हरेक वर्ष मुनाफा कमाउँदै आएको सो बैंकको जगेडा कोषमा रु २१ अर्ब ६८ करोड बराबरको रकम छ। कुनै समय खराब कर्जाका कारण समस्यामा फसेको सो बैंकले क्रमशः त्यसलाई व्यवस्थापन गरेर हाल वित्तीय परिसूचकका आधारमा नेपालको बैंकिङ क्षेत्रको एउटा सशक्त बैंकका रूपमा उभिएको छ।

प्रमुख कार्यकारी अधिकृत अधिकारी भन्नुहुन्छ, "हामी अस्तीभन्दा हिजो उन्नत, हिजोभन्दा आज उन्नत र आजभन्दा भोलि उन्नत, गुणस्तरीय, भरपर्दो र अत्याधुनिक बैंकिङ सेवा उपलब्ध गराउन सदैव प्रयत्नशील छौँ।"

बालक, बृद्ध, प्रौढ हुँदै ज्येष्ठ नागरिकको रोजाइमा रहेको भन्ने दाबी गर्ने बैंकमा हाल २३ लाख बढी ग्राहक जोडिएका छन्। एकाध वर्ष पहिलेसम्म पनि निजी क्षेत्रका अन्य बैंकले अत्याधुनिक प्रविधिको सुरु गर्दासमेत सो बैंक परम्परागत रूपमा नै ढ्डामा नै आधारित थियो।

समय बदलियो, बैंकको नेतृत्व बदलियो, सोच र योजनामा पनि परिवर्तन आयो। फलस्वरुप नेपाल बैंकले पनि आधुनिक बैंकिङ प्रणाली अवलम्बन गऱ्यो।

बैंकिङ क्षेत्रमा उपलब्ध सबै प्रकारका सेवा उपलब्ध गराइरहेको सो बैंकले डिजिटल बैंकिङ सेवा पनि प्रदान गरेको छ। कूल दुई सय २६ शाखामार्फत् कारोबार गर्दै आएको सो बैंकको एक सय १९ एटिएम, ५० वटा एक्सटेन्सन काउन्टर सञ्चालन गरिरहेको छ।

आधुनिक प्रविधिसँगै बैंकमा युवा पुस्ताको प्रवेशले बैंकलाई गतिशील व्यवहारिक र प्रविधिमा पनि उत्तिकै निपूर्ण बनाएको बैंकका सञ्चालक समितिका अध्यक्ष गङ्गाप्रसाद ज्ञवालीको भनाइ छ। बैंकमा कार्यरत जनशक्तिको औसत उमेर ३६ वर्ष छ भने राज्य अङ्गालेको समावेशीतालाई पनि उत्तिकै आत्मसात गरेको छ।

कृषि, पर्यटन, जलविद्युत् जस्ता क्षेत्रमा सरकारको नीति अनुसार प्राथकिता प्राप्त क्षेत्रमा बैंकले उल्लेख्य लगानी गरेको छ। युवा स्वरोजगार, विदेशबाट फर्किएका सीपयुक्त जनशक्तिलाई आत्मनिर्भर बनाउनका लागि बैंकले अन्य संस्थाको तुलनामा महत्वपूर्ण योदना दिएको छ।

अनौपचारिक क्षेत्रबाट मात्र भइरहेको आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमार्फत् व्यवस्थित गरी नेपालमा बैंकिङ संस्कृतिको सुरुवात गरेको भन्दै अर्थमन्त्री जनार्दन शर्माले दिगो आर्थिक आर्थिक विकास र समृद्धिका लागि सरकारले लिएको लक्ष्य र योजनालाई आत्मसात् गरेर अगाडि बढ्न आग्रह गर्नुभएको छ।रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक वुधवार दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ४० अङ्क बढेर एक हजार नौ सय ११ दशमलव २६ विन्दुमा पुगेको छ।

वुधवारको कारोबारमा ठूला कम्पनीको कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ८६ अङ्क बढेर तीन सय ७६ दशमलव ५७ विन्दुमा पुगेको छ।

कूल दुई सय ३२ कम्पनीको २४ लाख ९५ हजार छ सय १२ कित्ता शेयर रु ८५ करोड ९४ लाख छ सय १२ मूल्यमा कारोबार भएको छ। आजको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब ४९ अर्ब ११ करोड ४५ लाख १६ हजार पाँच सय १७ पुगेको छ।

नेप्सेका अनुसार कारोबारका आधारका रिडी पावर कम्पनी शीर्ष स्थानमा छ। कम्पनीको रु छ करोड तीन लाख ३८ हजार छ सय ३० बराबरको कारोबार भयो।

हिमालयन डिस्टिलरी रु चार करोड एक लाख ९० हजार सात सय १६, नेपाल लाइफ इन्स्योरेन्स रु तीन करोड ८१ लाख २६ हजार तीन सय ३०, शिवम् सिमेन्ट रु तीन करोड ७८ लाख ५८ हजार पाँच सय २३ र जाल्पा सामुदायिक लघुवित्तको रु दुई करोड ७८ लाख १४ हजार नौ सय ४६ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

वुधवारको कारोबारमा सिक्लेस हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ। साथै, गणपति लघुवित्त सात दशमलव ७१, नारायणी डेभलपमेन्ट बैंक पाँच दशमलव ५३, रिडी पावर कम्पनी पाँच दशमलव ४४ र तेह्रथुम पावर कम्पनीका लगानीकर्ताले चार दशमलव ६५ प्रतिशत शेयर मूल्य बढेको छ।

त्यस्तै, जनउत्थान सामुदायिक चार दशमलव १३, सबैको लघुवित्त तीन दशमलव ६८, विशाल बजार कम्पनी दुई दशमलव ८४, बुद्धभूमि नेपाल हाइड्रोपावर दुई दशमलव ७४ र लक्ष्मी उन्नती कोषका लगानीकर्ताले दुई दशमलब ६४ प्रतिशतले गुमाएका छन्।रासस

# विदेशी मुद्राको सञ्चिति बढ्यो

काठमाण्डु । लामो समयदेखि घट्दो क्रममा रहेको वैदेशिक मुद्राको सञ्चिति क्रमशः बढ्न थालेको छ। सरकारले केही वस्तुको आयातमा गरेको कडाइ गरेसँगै वैदेशिक मुद्राको सञ्चितिमा सुधार भएको हो।

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा विदेशी विनिमय सञ्चिति रु १२ खर्ब ४६ अर्ब २२ करोड बराबर पुगेको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आवको तेस्रो महिनासम्मको विवरणअनुसार कुल विदेशी विनिमय सञ्चिति दुई दशमलव पाँच प्रतिशतले वृद्धि भएको हो।

यो वृद्धिसँगै मुलुकको वस्तु आयात गर्न सक्ने क्षमतामा समेत सुधार भएको छ। केन्द्रीय बैंकका अनुसार बाह्य क्षेत्रमा केही सुधार भएको पाइएको हो। अघिल्लो आवको अन्त्यमा विदेशी मुद्राको सञ्चिति रु १२ खर्ब १५ अर्ब ८० करोड बराबर थियो।

अमेरिकी डलरमा भने विनिमय सञ्चिति शुन्य दशमलव छ प्रतिशतले घटेर नौ अर्ब ४८ करोड कायम भएको छ। अघिल्लो वर्षको अन्त्यमा यस्तो सञ्चिति नौ अर्ब ५४ करोड थियो। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रु १० खर्ब ५६ अर्ब ३९ करोड रहेकोमा गत असोज मसान्तमा चार दशमलव तीन प्रतिशतले वृद्धि भई रु ११ खर्ब एक अर्ब ६० करोड पुगेको छ।

त्यस्तै बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तमा रु एक खर्ब ५९ अर्ब ४१ करोड रहेकोमा असोज मसान्तमा नौ दशमलव तीन प्रतिशतले कमी आई रु एक खर्ब ४४ अर्ब ६२ करोड रहेको छ।

चालु आवको पहिलो तीन महिनाको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.८ प्रतिशत रहेको राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणमा उल्लेख छ। विसं २०७८ साउनमा रु १३ खर्ब ५४ अर्ब ८२ करोड बराबर रहेको विदेशी मुद्राको सञ्चिति लगातार ओरालो लागेर गत वैशाखमा रु ११ खर्ब ४६ अर्ब ८८ करोडमा झरेको थियो।

केन्द्रीय बैंकका अनुसार, अहिले विदेशी मुद्राको सञ्चिति एक महिनामै रु ५७ अर्बले बढेर १२ खर्ब ४६ अर्ब २२ करोड बराबर पुगेको छ। रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

## हकदावी सम्वन्धी ३५ दिने सुचना

यसमा जिल्ला रौ.गा.वि.स.पचरुखी ३ हाल दुर्गा भगवती गा.पा. ४ बस्ने असर्फी कापड यादवको छोरा रामबाबु रायले बुवा असर्फी कापड यादवको नामदर्ताको तपसिलको जग्गा नामसारी माग संलग्न गा.पा.को वडा नं.४ को च.न.३५४ मिति २०७८।१२।२२ को सिफारीश मृत्युदर्ताको छायाप्रति,सरजमिन मुचुल्का,मालपोत रसिद सहित निवेदन दिएकोमा मोठ भिडान हुदा उल्लेखित किताहरु कालो र रातो मसिले गोलो घेरा लागेको तर कैफियतबाट गएको यकिन गर्न नसकिएको मोठ फाटवाट लेखि आएकोले साथै कम्प्युटरको अभिलेखमा समेत नदेखिएको भनि लेखिआएकोले मिति २०७९।७।२२ को आदेशानुसार उल्लेखित किता जग्गा अन्य कसैको नाउमा कायम भए असर पर्ने भए वा श्रेष्ता कायम गरी नामसारी हुनु पर्ने हो होइन वारे यो सुचना जारी गरिएको छ। तपसिलका जग्गा अन्य कसैको नाउमा भए असर पर्ने भए वा श्रेष्ता कायम गरी नामसारी हुनु नपर्ने कुनै कारण भएमा ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्योहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | पचरुखी | १क | ९८ | ०-४-१ | असर्फी कापड यादव |
| ,, | ,, | ,, | १३५ | ०-१-५ | ,, ,, ,, |
| ,, | ,, | ,, | २३८ | ०-५-५ | ,, ,, ,, |
| ,, | ,, | ,, | ५६ | ०-५-१० | ,, ,, ,, |
| ,, | ,, | ,, | १९१ | ०-९-० | ,, ,, ,, |
| ,, | ,, | ,, | २९८ | ०-१-१५ | ,, ,, ,, |
| ,, | ,, | ,, | ३६० | ०-३-१३ | ,, ,, ,, |
| ,, | ,, | २ | १०१ | ०-५-१४ | ,, ,, ,, |
| ,, | ,, | २ | ५८ | ०-९-० | ,, ,, ,, |
| ,, | ,, | १ख | २६५ | ०-४-५ | ,, ,, ,, |
| ,, | ,, | ३क | ५६ | ०-२-४ | ,, ,, ,, |
| ,, | ,, | ,, | १६१ | ०-३-१२ | ,, ,, ,, |
| ,, | ,, | ,, | १७४ | ०-३-० | ,, ,, ,, |
| ,, | ,, | ,, | २६३ | ०-५-९ | ,, ,, ,, |
| ,, | ,, | ,, | २८६ | ०-४-१७ | ,, ,, ,, |
| ,, | ,, | ४ | १०१ | ०-४-१४ | ,, ,, ,, |
| ,, | ,, | ,, | ४४९ | ०-४-५ | ,, ,, ,, |
| ,, | ,, | ,, | १४१ | ०-५-० | ,, ,, ,, |


# हेटौँडा सिमेन्ट उद्योग १० वर्षपछि पूर्ण क्षमतामा सञ्चालन

बागमती । सरकारी स्वामित्वमा रहेको हेटौँडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा सञ्चालनमा आएको छ। तीन महिनापछि पूर्ण क्षमतामा सञ्चालनमा उद्योगले दैनिक सात सय ५० मेट्रिक टन सिमेन्ट उत्पादन गरिरहेको उद्योग प्रशासनले जनाएको छ।

यसअघि उद्योगले तीन सयदेखि चार सय मेट्रिक टन सिमेन्ट उत्पादन गर्दै आएको छ। उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले उद्योगले १० वर्षपछि पहिलो पटक पूर्ण क्षमतामा सिमेन्ट उत्पादन सुरु गरेको जानकारी दिनुभयो।

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि सिमेन्ट बिक्री वितरण सुरु गरिने उहाँको भनाइ छ। हाल सिमेन्ट प्याकिङ गर्ने कार्यसमेत सुरु भइसकेको छ। कोइलाको अभावको कारण विगत तीन महिनादेखि बन्द रहेको उद्योग दुई हप्ता अघि सञ्चालनमा आएको हो।

कोइला बिक्रेतासँग अनुरोध गरेर केही समयका लागि कोइलाको व्यवस्थापन गरी उद्योग सञ्चालनमा ल्याइएको उद्योग प्रशासनको भनाइ छ। भारत, भूटान र इण्डोनोसियालगायतका देशबाट कोइला आउन थालेपछि उत्पादन सुरु भएको हो।

उद्योगले गरेको प्रारम्भिक अध्ययनबाट प्लान्ट मर्मतका लागि रु ८० करोडदेखि एक अर्ब र नयाँ प्लान्ट निमार्णका लागि रु पाँच अर्बदेखि रु आठ अर्ब खर्च हुने देखिएको छ। उद्योगमा हाल दुई सय १८ जना कर्मचारी छन्।रासस

# मतदातामा भ्रम फैलाउनेलाई कारबाहीको माग

मनोज माझी

राजविराज । टिकटक, फेसबुक लगायत सामाजिक सञ्जालमा जनमत पार्टीका कार्यकर्ताहरुले भ्रम फैलाई जनतालाई दिग्भ्रमित गर्ने कार्य गरिरहेको भन्दै जनता समाजवादी पार्टीले गम्भीर आपत्ति जनाएका छन् ।




सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार जसपा अध्यक्ष उपेन्द्र यादवले बोल्दै गरेको भिडियोमा जनमत पार्टीलाई समर्थन गरेको भन्दै नक्कली आवाज राख्न लगाई सामाजिक सञ्जाल मार्फत मतदातामा भ्रम फिँजाउने कार्य हुँदै आएको हो ।

जसपा सप्तरीका अध्यक्ष केदार यादवले उम्मेदवारहरु चुनावी अभियानमा रहेको अवस्थामा सीके राउतका कार्यकर्ताहरुले निर्वाचन आचारसंहिताको समेत धज्जी उडाउँदै सामान्य नैतिक आचरणको ख्याल नगरी गलत कार्य गर्न आफ्ना कार्यकर्ताहरुलाई प्रोत्साहित गरेको प्रतिक्रिया दिएका छन् ।

चुनावी प्रतिष्पर्धा स्वस्थ हुनुपर्नेमा यस्ता गलत कार्य गरी मतदाताहरुमा भ्रम फैलाउनुले उक्त पार्टीको वास्तविक रुप उदाङ्गो भएको बताउँदै उनले भने 'निर्वाचन आचारसंहिताको धज्जी उडाउँदै हदैसम्मको निकृष्ट क्रियाकलाप भईरहँदा पनि निर्वाचन आयोग लगायत सम्बन्धित निकायले चासो नलिनु अत्यन्तै दुःखद हो ।' सामाजिक सञ्जालमा पार्टी अध्यक्ष समेत रहेका जसपा अध्यक्ष उपेन्द्र यादव सहितका उम्मेदवार र कार्यकर्ताहरुलाई हदैसम्म गालीगलोज जस्तो क्रियाकलापमा संलग्नहरुलाई कारबाही गर्न उनले आग्रह गरेका छन् ।

आफूहरु हालसम्म मर्यादित रुपमा निर्वाचन आचारसंहिताको पालना गर्दैआएको र स्वस्थ प्रतिष्पर्धाको पक्षमा रहेको उनले बताए ।

जनमत लगायतका पार्टीका कार्यकर्ता वा भ्रम फिँजाउने कार्यमा संलग्न जो कोहीको भ्रामक प्रचारबाजीमा नपर्न जसपाका जिल्ला अध्यक्ष यादवले सबैमा अपील गरेका छन् । चुनावी माहोललाई बिगार्ने कार्यहरु भइरहेकोले यसतर्फ सबै पक्षलाई चनाखो रहन उनले आग्रह गरेका छन् ।

# चौरसिया र कुर्मीबीच मुख्य प्रतिस्पर्धा

अनिल तिवारी

वीरगञ्ज । पर्साको क्षेत्र नम्बर २ मा पाँच दलीय गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार अजय चौरसिया, अन्य उम्मेदवारहरु भन्दा निक्कै भारी देखिएका छन् । नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका चौरसियाको पकड क्षेत्र मानिने क्षेत्र नम्बर २ मा उनीसंग प्रतिस्पर्धामा कोही देखिएका छैनन् ।

पर्सा २ मा प्रतिनिधिसभा सदस्यमा दलका ८ जना र स्वतन्त्र ३ गरी ११ जना उम्मेदवार रहेकोमा चौरसिया नै अहिलेसम्म सबै भन्दा अगाडि देखिएका छन् ।

५७ वर्षीय चौरसिया विद्यार्थी अवस्थादेखि नै राजनीतिमा संलग्न छन् । २०४६ सालदेखि पार्टीगत रूपमा सक्रिय भएका उनी २०४८ सालको आम निर्वाचनमा नेपाली कांग्रेसले टिकट नदिएपछि सद्भावना पार्टी प्रवेश गरी त्यही पार्टीको टिकटमा चुनाव लडेका थिए ।

निर्वाचनमा पराजित भएपछि नेपाली कांग्रेसमै फर्किएका चौरसियालाई २०५६ सालको आम निर्वाचनमा पर्सा क्षेत्र नम्बर २ बाट कांग्रेसबाट उम्मेदवार भएर निर्वाचित भएका थिए । त्यही अवधिमा उनी २०५८ सालमा स्थानीय विकास मन्त्रालयको सहायक मन्त्रीसमेत बनेका थिए ।

राजनीतिक यात्रामा दुई पटक गरेर तीन महिना जेल जीवन समेत बिताएका चौरसिया २०६४ सालमा भएको पहिलो संविधान सभा सदस्यको निर्वाचनमा पर्साको तत्कालीन क्षेत्र नम्बर ३ बाट संविधानसभा सदस्यमा निर्वाचित भएका थिए ।





२०७० सालको दोस्रो संविधान सभा सदस्यको निर्वाचनमा पराजित भएका चौरसिया २०७४ सालको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पनि तत्कालीन संघीय समाजवादी फोरमका बिमल प्रसाद श्रीवास्तवसँग पराजित भएका थिए ।

२१ हजार १ सय ६९ मतका साथ बिमल बिजयी हुँदा १९ हजार ७ सय ४ मतका साथ अजय दोस्रो स्थानमा रहेका थिए । चौरसिया यसपालि छैठौं पटक चुनावी मैदानमा होमिएका छन् । २ पटक जित र ४ पटक हार बेहोरेका चौरसियाले यसपाली फेरि जित आफ्नो पक्षमा पार्ने देखिन्छ ।

हालसम्मको चुनावी माहोल अनुरुप चौरसिया अगाडि देखिए पनि उनलाई जनता समाजवादी पार्टी (जसपा) र नेकपा एमालेको गठबन्धनका उम्मेदवार सुरेन्द्र प्रसाद कुर्मीले पछ्याइरहेका छन् । तर माहौल हेर्दा चौरसियाको जित निश्चित देखिन्छ ।

गत स्थानीय तहको निर्वाचनमा लोसपाबाट मेयरका आकांक्षी रहेका कुर्मीले टिकट नपाएपछि लोसपाप्रति उनले लगातार असन्तुष्टि पोख्दै आइरहेका थिए ।

लोसपाबाटै उपमेयरका उम्मेदवार पुरुषोत्तमलाल झाको विरुद्ध षड्यन्त्र गरेको भन्दै लोसपा जिल्ला कार्यसमितिले कुर्मीलाई कारबाहीका लागि सिफारिस गरेको थियो । त्यसपछि असन्तुष्ट भएका कुर्मीले मनोनयन दर्ताको केही साता अगाडि मात्रै गुपचुप रुपमा जसपा प्रवेश गरेका थिए ।

यसअघि कहिलै पनि चुनाव नलडेका कुर्मीलाई २ पटक निर्वाचित भइसकेका पूर्व मन्त्रीसमेत रहेका चौरसिया नै जित्ने पर्सा २ का मतदाताहरु बताउछन् ।

क्षेत्र नम्बर २ मा जसपाबाट कुनै बलियो उम्मेदवार नभएपछि कुर्मीलाई उम्मेदवार बनाएको विश्लेषण यहाँको राजनीतिक वृत्तमा छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रभावशाली नेता स्वर्गीय गोखुल प्रसाद कुर्मीका छोरा कुर्मी जसपाका उम्मेदवार भए पनि उनको पारिवार भने राप्रपामा आस्थावान परिवार हो ।

कुर्मीका भाइ जगरनाथ प्रसाद कुर्मी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का केन्द्रीय सदस्य छन्। राप्रपाबाट स्थानीय तहको चुनावमा उपमेयरमा लडेकी बिना जैसवाल उनकी बुहारी छन् ।

उनी राप्रपाबाट समानुपातिकमा प्रतिनिधिसभा सदस्यकी उम्मेदवार पनि हुन् । यसले गर्दा कुर्मीलाई घरैबाट असहयोग हुने स्पष्ट हुन्छ । किनभने यही क्षेत्रबाट राप्रपाका उम्मेदवार नरेश कुमार साह छन् । तसर्थ उनका भाइ, बुहारी सहितका परिवारबाटै राप्रपालाई भोट जाने हुँदा कुर्मीले घरकै पारिवारिक भोट पनि नपाउने देखिएका छ।

# 'आचारसंहिता भित्र रहेर सबैले काम गर्नुपर्ने'

टुडे समाचारदाता

राजविराज । निर्वाचन आयोगले तोकेको निर्वाचन आचारसंहिता भित्र रहेर सबैले काम गर्नुपर्नेमा जोड दिइएको छ ।

बुधबार राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) सप्तरीले आयोजना गरेको "प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ पर्यवेक्षकका लागि अभिमुखीकरण" कार्यक्रमका सहभागी वक्ताहरुले यस्तो जोड दिएका छन् ।



कार्यक्रममा मधेशी आयोगकी सदस्य आभासेतु सिंहले निर्वाचन आचारसंहिताको भित्र रहेर सबैले काम गर्नुपर्नेमा जोड दिँदै निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा चुनाव सम्पन्न भए मात्र देशले सही प्रतिनिधि पाउने बताइन् ।

मधेशी आयोगका अर्का सदस्य जिवछ साहले निर्वाचन पर्यवेक्षणमा खटिने प्रतिनिधिले कसैको पक्ष विपक्षमा नलागेर मतदान स्थलमा देखिने यर्थात अवस्थालाई समेटेर माथिल्लो निकायमा सत्यतथ्य रिपोटिङ गर्नुपर्नेमा जोड दिए ।

सप्तरीका मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन राजनीतिक दलका साथै सबै सरोकारवालाहरु जिम्मेवार बन्नु पर्नेमा जोड दिए ।

उनले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवालाको भूमिका उत्तिकै महत्वपूर्ण रहेकाले आ-आफ्नो क्षेत्रबाट सहयोगका लागि अपिल समेत गरे ।

नियोक सप्तरीका संयोजक जंगबहादुर सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा आदिवासी जनजाती आयोगका अध्यक्ष रामबहादुर थापा मगर, समावेशी आयोगका सदस्य विष्णु ओझा, राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लिला थापा, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरीक्षक अविनारायण काफ्ले लगायतले पनि निर्वाचन आचारसहिंताको प्रभावकारी कार्यान्वयनका लागि अपनाउनु पर्ने विधि बारे आ-आफ्नो धारणा राखेका थिए ।

# शिवपुजनलाई कारबाहीको चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा माओवादी केन्द्रका नेता शिवपुजन रायलाई कारबाही गर्ने पार्टीले चेतावनी दिएको छ ।

बुधबार प्रदेश समितिका इन्चार्ज गणेश साहले विज्ञप्ति जारी गरेर उनलाई चेतावनी दिएका छन् ।

उनलाई २४ घण्टाभित्र चित्त बुझ्दो स्पष्टीकरण बुझाउन पनि निर्देशन दिइएको छ ।

उनले सर्लाही निर्वाचन क्षेत्र ४ मा पाँच दलीय गठबन्धनको उम्मेदवारविरुद्ध गतिविधि गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रदेश समिति सदस्यसमेत रहेका शिवपुजन स्वतन्त्र उम्मेदवारको मत माग्ने गरेका छन् ।

उनले २६ वर्षीय छोरी मधुमाला यादवलाई उम्मेदवार बनाइ मत माग्ने गरेका छन् । पार्टीले उनलाई सो कार्यप्रति सचेत गराएको छ ।



'गठबन्धनको पक्षमा भएको कुनै पनि गतिविधि तथा प्रचारप्रसारमा सहभागी नभएको पाइएकाले २४ घण्टाभित्र चित्त बुझ्दो कारणसहित जवाफ दिनुहोला अन्यथा कारबाही भइ जाने व्यहोरा अनुरोध छ,' विज्ञप्तिमा उल्लेख छ ।

यसअघि कार्तिक २४ गते पनि उनलाई पार्टीले सचेत गराएको थियो । यहाँ प्रतिनिधिसभामा पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेस नागेन्द्र राय उम्मेदवार छन् ।

नेकपा एमाले-जसपा गठबन्धनबाट राकेश मिश्र उम्मेदवार छन् । नेपाली कांग्रेसले टिकट नदिदा निर्वतमान सांसद अमरेश सिंह पनि यहाँ स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

# महोत्तरी ४ मा प्रचार अभियान तीव्र

टुडे समाचारदाता

महोत्तरी । महोत्तरी-४ मा प्रतिनिधिसभा सदस्यमा दुई गठबन्धनले प्रचार प्रसार अभियानलाई तीव्र बनाएका छन् ।

महोत्तरी-४ मा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य महेन्द्रकुमार राय र एमाले-जसपा गठबन्धनबाट जनता समाजवादी (जसपा) नेपालका केन्द्रीय सदस्य डा सुरेन्द्रकुमार यादवसहित प्रतिनिधिसभा सदस्य पदमा १४ उम्मेदवार रहेका छन् ।

जसमा स्वतन्त्र उम्मेदवारको संख्या छ रहेको छ । चुनावी प्रतिस्पर्धामा दुई गठबन्धनका अतिरिक्त जनमत पार्टी, राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपा नेपालसहितका दलका उम्मेदवार रहेका छन् ।

यद्यपि यहाँ निवर्तमान सांसद डा.यादव र नेकां केन्द्रीय सदस्य रायबीच नै मुख्य प्रतिस्पर्धा हुने आकलन छ । निर्वाचनमा खुला प्रचारको अवधि सकिनैलाग्दा धेरैजसो अन्तिम आकर्षक सभाको तयारीमा जुटेका छन् ।

निर्वाचनको मतदान कार्यक्रम अब केही दिनमात्र बाँकी हुँदा आम सर्वसाधारणमा चुनाव परिणाम कस्तो होला भन्ने खुल्दुली र चासो देखिन्छ । क्षेत्रमा धेरैजसो डा यादव र कांग्रेस केन्द्रीय सदस्यबीच मुख्य प्रतिस्पर्धाकै चर्चा गरिएको पाइएको छ । यसअघि २०७४ मा डा यादव त्यतिखेरको बाम गठबन्धनबाट माओवादी केन्द्रका उम्मेदवार मोहम्मद रजि हैदरलाई पछि पार्दै विजयी भएका थिए । त्यतिखेरका मुख्य प्रतिस्पर्धी हैदर अहिले रायको पक्षमा छन् ।

सत्ता गठबन्धनबाट राय उम्मेदवार छन् भने त्यसबाहेक सत्ता गठबन्धनआवद्ध माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र लोसपाका नेता-कार्यकर्ता रायको पक्षमा जुटेका छन् । यो गठबन्धनआवद्ध राष्ट्रिय जनमोर्चाको भने यहाँ गतिविधि देखिँदैन । त्यसैगरी जसपा र एमालेका नेता कमार्यकर्ता डा यादवको पक्षमा जुटेका छन् ।

खुला प्रचारको अवधि सकिनै लाग्दा उम्मेदवारले प्रचार अभियान झन तीव्र बनाएका छन् । जसपाका डा यादव पनि सहयोगी दल एमालेका स्थानीय नेतासाथ सघन भेटघाट र एकै दिन कैयौं ठाउँमा कोणसभा गरिरहेका छन् ।

महोत्तरी-४ मा औरही नगरपालिकाका छ, मनराशिवा नगरपालिकाका सात, रामगोपालपुर नगरपालिकाका नौ (सबै), सम्सी गाउँपालिकाका सात (सबै) र सोनमा गाउँपालिकाका आठ (सबै) गरी जम्मा ३७ वडा समेटिएका छन् । प्रदेशसभा (१) मा १८ र प्रदेशसभा (२) मा १९ वडा छन् ।

महोत्तरी-४ प्रतिनिधिसभा क्षेत्रभित्रका दुई प्रदेशसभा क्षेत्रमध्ये प्रदेशसभा (१) र (२) मा क्रमशः सत्ता गठबन्धनबाट क्रमशः लोसपाका कौशलकुमार राय (यादव) र नेकपा (माओवादी केन्द्र)का लालेन्द्रकुमार मण्डल छन् । उनीहरूमध्ये राय यसअघि सोही प्रदेशसभा क्षेत्रबाट संघीय समाजवादी पार्टी (पछि जसपा)बाट निर्वाचित भए पनि यसपटक लोसपाबाट उम्मेदवार बनेका छन् । त्यसैगरी मण्डल विसं २०६४ को पहिलो संविधानसभा सदस्य थिए ।

यसैगरी एमाले-जसपा गठबन्धनबाट प्रदेशसभा क्षेत्र (१) मा एमालेका केन्द्रीय सदस्य सरोज यादव र (२) बाट जसपाका यसअघि सोही क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य सरोजसिंह कुशवाहा उम्मेदवार छन् । प्रदेशसभामा पनि यिनै दुई गठबन्धनबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

प्रदेशसभा क्षेत्र (१) मा तीन महिलासहित २५ उम्मेदवार छन । स्वतन्त्र उम्मेदवारको संख्या १७ छ । त्यसैगरी प्रदेशसभा क्षेत्र (२) मा २० उम्मेदवार रहेका छन् । यहाँ एक मात्र महिला उम्मेदवार छन् । स्वतन्त्र उम्मेदवारको संख्या १४ रहेको निर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत दशरथ गौतमले जानकारी दिए ।

महोत्तरी-४ प्रतिनिधिसभा क्षेत्रमा ९८ हजार आठ सय ९६ मतदाता छन् । कुल ६० मतदानस्थलमा एक सय २२ मतदान केन्द्र कायम गरिएको छ ।

# चुनावमा सदर मत बढाउन नमूना मतदान



टुडे समाचारदाता

राजविराज । मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा बदर मत प्रतिशत घटाउन मतदाता शिक्षासहित नमूना मतदान कार्यक्रम सम्पन्न भएको छ ।

बुधबार जिल्ला निर्वाचन कार्यालय सप्तरीले राजविराज नगरपालिका कार्यालय परिसरमा मतदाता शिक्षा कार्यक्रमसहित नमूना मतदान कार्यक्रम आयोजना गरेको थियो ।

मतदाता शिक्षा कार्यकर्ताको प्रयोग गरी सचेतनाका लागि मतदाता शिक्षा र नमूना मतदान कार्यक्रमको आयोजना गरिएको जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले बताए । मतदाता शिक्षा कार्यकर्ताले निर्वाचनको महत्व र मतदान गर्ने तरिका सिकाएपछि नमूना मतदान कार्य सुरु गरिएको थियो ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान गर्न योग्य १८ वर्षदेखि माथिका व्यक्तिलाई सहभागी गराई नमूना मतदान गराइएको थियो । निर्वाचन प्रक्रियाकै ढाँचामा गरिएको नमूना मतदान कार्यक्रममा १ सय भन्दा बढी सर्वसाधारण सहभागी भएका थिए ।

चुनावमा सदर मत बढाउन, सुसूचित मतदाता तयार गर्न र मतको महत्व बुझाउन थालिएको नमूना मतदान कार्यक्रम जिल्लाका सबै पालिकामा पुऱ्याइएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# गठबन्धनले गऱ्यो शक्ति प्रदर्शन

## जसपा-एमाले तथा जनमतको विहीबार गर्ने तयारी

टुडे समाचारदाता

राजविराज । निर्वाचन कार्यक्रम अनुसार आइतबार हुने निर्वाचनका लागि बिहीबार राती १२ बजे देखी मौन अवधी सुरु हुँदैछ ।

त्यसैले मौन अवधी अगावै प्रचारप्रसार सकाएर मतदातालाई आफ्नो पक्षमा पार्ने अन्तिम प्रयास स्वरुप यहाँ विभिन्न दलका उम्मेदवारहरुद्वारा घरदैलो, चुनावी सभा र रोड शो लगायतका गतिविधी तिब्र बनाएको छ ।

यसै क्रममा बुधबार सप्तरीको निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्यतर्फ सत्तारुढ गठबन्धनका साझा उम्मेदवार जयप्रकाश ठाकुर र गठबन्धनमा आवद्ध प्रदेशसभा सदस्य २ को १ का उम्मेदवार सरोज मण्डल र २ को २ का उम्मेदवार उमेशप्रसाद यादवले संयुक्र रुपमा शक्ति प्रदर्शन गरेको छ ।




सत्तारुढ गठबन्धनका उम्मेदवारलाई मत माग्दै रोड शोमा उत्रेका उम्मेदवारसहितको जुलुसमा स्थानियको उल्लेख्य सहभागिता थियो ।

दिउँसो सदरमुकाम राजविराजस्थित पब्लिक बिन्देश्वरी माधयमिक विद्यालयको खेलमैदानबाट हजारौंको संख्यामा निस्केको जुलुस नगर परिक्रमा गर्दै पुनः सोही स्थानमा पुगेर चुनावी सभामा परिणत भएको थियो ।

जुलुसमा काँग्रेस, लोसपा, माओवादी र एकीकृत समाजवादीका जिल्लास्तरिय नेता कार्यकर्ताका साथै सर्वसाधारणसमेतको सहभागिता देखिन्थ्यो । चुनावी प्रचार प्रसारका क्रममा पहिलो पटक गठबन्धनका उम्मेदवारले संयुक्त रुपमा यस्तो जुलुस निकालेका हुन् ।

गठबन्धन आवद्ध दलका जिल्ला नेताहरुसँगै स्थानिय कार्यकर्ताको समेत उत्साहजनक सहभागिताले मनोवल उच्च भएको सत्तारुढ गठबन्धनका तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार रहेका ठाकुरले बताए ।

गठबन्धनका उम्मेदवार कमजोर भएको प्रचार गर्नेहरुका लागि आजको प्रदर्शन कडा जवाफ हो, उनले भने, गठबन्धनका सबै उम्मेदवार अत्याधिक मतले जित्ने छौं ।

नगर परिक्रमा पश्चात् आयोजित चुनावी सभालाई सत्तारुढ गठबन्धनका प्रदेशसभा २ को १ का उम्मेदवार सरोज मण्डल, २ को २ का उम्मेदवार उमेशकुमार यादव, नेपाली काँग्रेसका रामकुमार यादव, इर्साद अन्सारी, महानन्द यादव लगायतले पनि सम्बोधन गर्दै गठबन्धनको उम्मेदवारको पक्षमा मतदान गर्न अपील गरे ।

यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका लागि एमाले-जसपा गठबन्धनका उम्मेदवार रहेका जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव तथा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत पनि चुनावी मैदानमा छन् । ती दुबै दलले चुनावी प्रचार प्रसारको अन्तिम दिन बिहीबार रोड शो र चुनावी सभ ागर्ने तयारी गरेको पार्टी श्रोतले जनाएको छ ।

**जाडोको समयमा चिसौबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८